"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

(त्रैमासिक) Quarterly

वर्ष ६, अंक ९, वैशाख–असार, २०७४ www.ncbl.coop (April - June 2017)

## राष्ट्रिय सहकारी बैंक: अब अन्तर बैंक विद्युतीय भुक्तानी प्रणालीमा



*ललितपुर,*

बैंक वित्तीय संस्थाहरुलाई अन्तर बैंक विद्युतीय भुक्तानी प्रणालीमा आवद्ध गराउदै आएको नेपाल क्लियरिङ्ग हाउस लिमिटेड (एनसीएचएल)ले राष्ट्रिय सहकारी बैंक लिमिटेडलाई पनि सदस्यको रुपमा आवद्ध गराएको छ ।

यो सम्झौता पत्रमा नेपाल क्लियरिङ्ग हाउसका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेश मान सिंह प्रधान र राष्ट्रिय सहकारी बैंकका प्रबन्ध सञ्चालक के.बी. उप्रेतीले हस्ताक्षर गर्नु भयो ।

दुवै पक्षको सम्झौतापछि सहकारी बैंकबाट प्रविष्ट गराइएका सम्पूर्ण कारोबारहरु बैंक अफ काठमाडौं लुम्बिनी मार्फत राफसाफ हुने व्यवस्था मिलाइएको छ ।

राष्ट्रिय सहकारी बैंकबाट प्रणालीमा आवद्ध सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा खाता भएका सदस्य सहकारी संस्थाहरुबाट सोझै भुक्तानी संकलन तथा भुक्तानी सजिलै गर्न सकिने छ ।

यस अघि नगद र चेकबाट हुँदै आएका कारोबारहरु समेत उक्त प्रणाली मार्फत हुने हुँदा कारोबार पारदर्शी हुने, सहजता बढ्ने र जोखिम न्यूनिकरण हुने विश्वास (एनसीएचएल) ले लिएको छ ।

एनसीएचएल प्रणालीमा हाल सम्म ७३ बैंक तथा वित्तीय संस्थाहरुसंग प्रत्यक्ष सदस्यको रुपमा र ५ अन्य कम्पनीहरुसँग अप्रत्यक्ष सदस्यको रुपमा सम्झौता गरिसकेका छन् ।

ग्राहकको रकम स्थानान्तरण, डिभिडेन्ट पेमेन्ट, आइपीओ रिफन्ड, फि तथा बिल भुक्तानी, प्रीमियम भुक्तानी, सरकारी भुक्तानी, ट्रेजरी भुक्तानी, तलब भुक्तानी, रेमिटेन्स भुक्तानी, ईन्स्टलमेन्ट भुक्तानी, क्रेडिट कार्डको भुक्तानी यस प्रणालीबाट हुँदै आएको छ ।

## सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली तालिम सम्पन्न




*काठमाडौं,*

सहकारी तथा गरिवी निवारण मन्त्रालयको सहयोगमा राष्ट्रिय सहकारी बैंक लिमिटेडले आयोजना गरेको ५ दिने सहकारी तथा गरिवी सूचना प्रणाली (COPOMIS) सम्बन्धी प्राविधिक प्रशिक्षक प्रशिक्षण कार्यक्रम असार २२ गते सम्पन्न भयो ।

असार १८ गतेदेखि शुरु भएको तालिमको उद्घाटन राष्ट्रिय सहकारी संघ लिमिटेडका अध्यक्ष केशव बडालले गर्नु भएको थियो ।

सो अवसरमा उहाँले समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि प्रविधिको उपयोग अनिवार्य रहेको बताउनु भएको थियो ।

सहकारी मार्फत जनतालाई आर्थिक रुपमा सवल, सामाजिक रुपमा रुपान्तरित गर्नका लागि प्रविधिलाई अधिकतम उपयोग गर्नु पर्नेमा जोड दिदै सांसद समेत रहनु भएका बडालले समय अनुसारको प्रविधिको प्रयोग नगर्दा रुपान्तरण संभव नभएको बताउनु भएको हो ।

कार्यक्रममा केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रका प्राचार्य भरतप्रसाद आचार्यले सहकारीहरुलाई व्यवस्थित र पारदर्शी रुपमा सञ्चालन गर्नका लागि तालिमले सहयोग पुऱ्याउने धारणा राख्नु भएको थियो ।

उद्घाटन कार्यक्रम राष्ट्रिय सहकारी बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीको अध्यक्षता, सहकारी तथा गरिवी निवारण मन्त्रालयका उपसचिव उपेन्द्रबहादुर ढुंगानाको स्वागत र सहकारी बैंकका शिक्षा तथा तालिम विभाग प्रमुख रामबाबु आचार्यको सञ्चालनमा सम्पन्न भएको थियो ।

तालिममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक, लेखा समितिका सदस्य, उच्च व्यवस्थापनका कर्मचारी र विभिन्न शाखाका प्रमुखहरु सहित २५ जनाको सहभागिता रहेको थियो ।

>> बाँकी पृष्ठ ६

*राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित*

**सहकारिता**

**सल्लाहकारः**
रमेशप्रसाद पोखरेल
के.बी. उप्रेती
कुलचन्द्र अधिकारी

**सूचना, सञ्चार तथा प्रकाशन उप-समितिः**
**संयोजकः**
रामबहादुर जि.सी.
**सदस्यहरुः**
डिल्ली पोखरेल, रामसुधन तिमिल्सिना

**सहयोगीः**
सरिता लामिछाने

**ठेगानाः**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर
फोनः ०१-५१८०१८३
फ्याक्सः +९७७-०१-५५५५६८७
Email: publication@ncbl.coop,
ncbl@ncbl.coop
Website: www.ncbl.coop

**मुद्रणः**
**Triumph Media Pvt. Ltd.**
Nayabazar, KTM, Tel. : 01- **4389321**
www.triumph**media**nepal.com

## सम्पादकीय

# सहकारी तथा गरिवी व्यवस्थापन सूचना प्रणाली कार्यान्वयन गरौ

नेपाल सरकार सहकारी तथा गरिवी निवारण मन्त्रालयले लामो समयको प्रयास पछि सहकारी क्षेत्रको सूचना तथा तथ्यांकलाई नियमित, विश्वसनिय र वास्तविक बनाउने उदेश्यका साथ सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) कार्यान्वयनमा ल्याएको छ । सहकारी तथा गरिबी निवारण क्षेत्रको एक औपचारिक र आधुनिक सूचना तथा संचार प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणालीका रुपमा रहेको कोपोमिसले सहकारी संघ/संस्थालाई व्यवस्थापकीय र वित्तीय सूचना प्राप्त गर्न, संस्थाले गर्नुपर्ने कार्यहरुलाई अनलाईन पद्धतिमा रुपान्तरण गर्न, पारदर्शीता र जवाफदेहिताको प्रवर्द्धन गर्न, आन्तरिक नियन्त्रण पद्दतिलाई स्थापित गर्दै सुशासन कायम गर्न सहयोग पुऱ्याउने अपेक्षा मन्त्रालयले लिएको छ । यसमा तथ्यांक र विवरणको प्रविष्ट इन्टरनेट सुविधा उपलब्ध हुने संघ/संस्थाहरुले आफै र नहुनेले डिभिजन सहकारी कार्यालय मार्फत गराउन सक्ने भएकाले पनि यसले देशभरका सहकारीलाई समेट्ने र सहकारीहरुको सही तथ्यांक आउदछ । सहकारी सम्बन्धी कानून, नीति, मापदण्ड, अभ्यास आदिको कार्यान्वयन गर्न आवश्यक सूचना एकै पटक प्राप्ती गर्न सहज हुनेछ ।

सहकारीले नेपालको सन्दर्भमा वित्तीय, सेवा र उत्पादनका क्षेत्रमा महत्वपूर्ण योगदान गरेका छन् । तर सहकारीको योगदानका बारेमा अहिलेसम्म पनि स्पष्ट तथ्यांक आउन सकिरहेको छैन । यदी कोपोमसलाई प्रभावकारी रुपमा सहकारीहरुमा लागु गराउन सकियो भने सहकारी मन्त्रालयले देशभरका सहकारीमा रहेका सदस्यहरुको विवरण, सहकारी क्षेत्रमा रहेको वित्तीय अवस्था, यसले समाज विकासमा गरेको योगदानलाई स्पष्ट बाहिर ल्याउने र नीति निर्माताहरुलाई समेत सहकारीको योगदानका बारेमा जानकारी भई सहकारीको योगदान थप गराउने प्रयत्न हुन सक्छ । सहकारीबाट भएका कामलाई सही रुपमा आम जनता र राज्य सञ्चालकहरुका बीचमा पुऱ्याउन पनि यसको सही तथ्यांक आउन जरुरी छ । कोपोमस कार्यान्वयनका लागि मन्त्रालय, विभाग, राष्ट्रिय सहकारी संघ, बैंक, केन्द्रीय सघहरु, जिल्ला तथा विषयगत संघहरु र सबै प्रारम्भिक सहकारी संस्थाहरुका बीच समन्वय र सहकार्य जरुरी छ । भिन्न भिन्न कार्यालय, संघ तथा संस्थाहरुले सहकारीको योगदानका बारेमा एकमुष्ट तथ्यांक सहित प्रगति देखाउने र सहकारी अभियानलाई पारदर्शी, व्यवस्थित र तीन खम्बे अर्थनीति अनुसारको खम्बा बनाउने अभियानमा कोपोमसलाई सहयोगी बनाउन जुटौ ।

## ६० औं राष्ट्रिय सहकारी दिवसका अवसरमा सहकारी बैंकले गरेका रचनात्मक कार्यहरु



"CPCS का अनाथ बालबालिकाहरुलाई बैंकद्वारा सहयोग"



ठिमी स्थित सालिकराम जेष्ठ नागरिक आश्रममा फलफुल वितरण



"बाग्मती सरसफाई महाअभियानमा बैंकको सहभागिता"



"नि:सहाय सेवा केन्द्र बानेश्वरमा फलफूल वितरण"

# नेपालको सहकारी अभियान र सुधार गर्नुपर्ने केही पक्षहरू

## (क) नेपालको सहकारी अभियान

नेपालको राजनीति लामो समय सम्म एकतन्त्रीय व्यवस्थामा अल्झिएको थियो । वि. सं. २००७ सालमा राणा शासनको अन्त्य भई बहुदलीय व्यवस्थाको स्थापना भएपछि सबै क्षेत्रमा नयाँ जागरणको सुरुवात हुन थाल्यो । सामाजिक क्षेत्रको जागरण सँगै आर्थिक, राजनीतिक, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रहरूमा नयाँ आयामको सुत्रपात हुन थाल्यो । नयाँ नयाँ अनुभवहरू आउन थाले । तत्कालिन सरकारले प्राथमिकतामा राखी विभागहरू स्थापना गर्ने निर्णय गऱ्यो । यसै क्रममा २०१० सालमा सहकारी विभागको स्थापना भयो । सहकारी विभाग नेपालका विभागहरू मध्ये जेठो विभागको रुपमा परिचित रहेको छ । कार्य प्रारम्भको आरम्भ मै नेपालले बाढी पहिरोको सामना गर्नुपर्ने बाध्यता आईलाग्यो । वि. सं. २०११ सालमा भएको बाढी पहिरोबाट उत्पन्न भएको संकटलाई समाधान गर्न बहुमुखी विकास आयोजना सहकारी मार्फत राज्यद्वारा अगाडि बढाएको पाइन्छ । २०१३ सालमा सहकारी गठन, दर्ता र संचालन आदेश सरकारले गऱ्यो र सोही वर्षको चैत्र २० गते चितवनमा प्रथम सहकारी संस्थाको रुपमा बखानपुर ऋण सहकारी संस्था दर्ता हुन गयो । यसै दिनलाई स्मरण गर्दै प्रत्येक वर्ष राष्ट्रिय सहकारी दिवसका रुपमा चैत्र २० गते मनाउने गरिएको छ ।

अन्तर्राष्ट्रिय जगतमा सहकारी क्षेत्रबाट भएको अतुलनीय उपलब्धीलाई दृष्टिगत गरी जननिर्वाचित सरकारले २०१६ सालमा खाद्य, कृषि तथा वन मन्त्रालय अर्न्तगत सहकारीलाई राखी यसै वर्ष सहकारी संस्था ऐन पनि जारी गरियो । २०१८ सालमा सहकारी ऐन २०१६ लाई संशोधन गरी साझा केन्द्रीय कार्यालयको स्थापना गरियो । २०२३ सालमा फेरि पंचायत मन्त्रालयबाट सहकारी विभागलाई भूमिसुधार तथा खाद्य कृषि मन्त्रालय अर्न्तगत स्थानान्तरण गरियो । ४ वर्ष अघि संचालनमा आएको सहकारी बैंकलाई २०२४ सालमा कृषि विकास बैंकमा परिणत गरियो । २०२७ सालमा सहकारी ऐन २०१६ लाई दोस्रो संशोधन गरियो । यसपछि सहकारी संस्थाहरूको व्यवस्थापन कृषि विकास बैंकलाई हस्तान्तरण गरेर विभिन्न तहमा सुदृढीकरण समितीहरू बनाउने काम भयो ।

प्राथमिकताको हिसावले पटक पटक सहकारी सम्बन्धी घटनाक्रमहरू देखिएता पनि अन्तरराष्ट्रिय सहकारीको सिद्धान्त, मूल्य, मान्यता अनुसार सहकारी (साझा) अभियान संचालन भएको देखिदैन । त्यस बखत राज्यद्वारा नियन्त्रित वा संचालित कार्यक्रमका रुपमा यो अगाडि बढेको पाइन्छ । यसै क्रममा २०३७ मा भएको संविधान संशोधनमा नै साझा व्यवस्थाको भूमिका स्थापित गरियो । २०४१ सालमा साझा व्यवस्थालाई प्रभावकारी बनाउने भनेर फेरि साझा ऐन ल्याईयो । त्यसपछि ग्रामिण स्तर सम्म सहकारीलाई साझाको रुपमा रुपान्तरित गरियो । यस अवधिसम्म साझा संस्थाको रुपमा मुलुकभरी ८३३ वटा संघ/संस्थाहरू संचालनमा रहेका थिए । यिनीहरूले मुलतः कषि विकास बैंकको प्रतिनिधीको रुपमा किसानलाई कर्जा प्रवाह गर्ने, अत्यावश्यक नुन, तेल, चिनी, मट्टितेल र अन्य खाद्यान्न र रासायनिक मल, बिउ लगायतको विक्री बितरण गर्ने र उत्पादित कृषि उपजको खरिद विक्री समेत गर्ने कार्यहरू गर्ने गरेका थिए । लगानीको हिसाबले राज्यको लगानी अधिक गरिएको क्षेत्रको रुपमा साझा क्षेत्र चिनिन्थ्यो । तर मुठ्ठीभर मानिसले मात्र त्यसको प्रतिफल प्राप्त गर्ने अवस्था रहन गयो । सहकारीको मुख्य विशेषताको रुपमा रहेको समानताको व्यवहार, पारस्परीक सहयोगमा आधारित, सामाजिक तथा आर्थिक विकासमा जोड, नैतिक व्यवसाय, सदस्य प्रधान, सेवा पक्षलाई प्राथमिकता जस्ता कुराहरू र सहकारीका ७ सिद्धान्तलाई आत्मसाथ गरी संस्था संचालन त्यस अवधि सम्म रहेको पाइदैन ।

२०४६ सालको जन आन्दोलनको सफलतापछि गठन भएको अन्तरिम प्रजातान्त्रिक सरकारले राष्ट्रिय सहकारी महासंघ परामर्श समितिको गठन २०४७ साल कात्तिक महिनामा गऱ्यो । राधाकृष्ण मैनालीको संयोजकत्वमा गठित उक्त समितिले त्यसै वर्षको फागुन महिनामा आफ्नो प्रतिवेदन सरकारलाई बुझायो । प्रतिवेदनमा उल्लेख गरिएको अन्तर्राष्ट्रिय अभ्यास र हाम्रो मुलुकको आवश्यकता अनि अन्तर्राष्ट्रिय सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई समेत दृष्टिगत गरी सहकारी ऐन २०४८ जारी गरियो । यसपछि सबै साझाहरू सहकारीमा परिणत भए ।



रमेशप्रसाद पोखरेल
अध्यक्ष
राष्ट्रिय सहकारी बैंक लिमिटेड

सहकारी ऐन २०४८ जारी भए पछि नेपालमा सहकारी अभियानको दोस्रो अध्याय प्रारम्भ भएको हो । स्थापनाको छोटो समयमा नै सहकारी अभियानले उल्लेख्य प्रगति गरेको छ । शोषण र उत्पीडन तथा असमानतामा आधारित आर्थिक आधारलाई समाजवाद उन्मुख लोकतन्त्रको जग बलियो बनाउन र सबै खाले हैकम र शोषणलाई कमजोर पार्ने आधार निर्माण गर्ने कार्यमा सहकारी अभियान सफल बन्दै गएको छ । वित्तीय साक्षरताको क्षेत्रमा यसको भुमिका प्रभावकारी भएको छ । बचत किन गर्ने ? कसरी गर्ने ? र बचतको प्रयोग कसरी गर्न सकिन्छ ? जस्ता सामान्य ज्ञानसमेत नभएका नागरिकहरूलाई सहकारीको माध्यमबाट आफ्नो जिवनमै रुपान्तरण गर्ने काम गरेको छ ।

संगठनात्मक हिसाबले ठूलो फड्को मार्नुका साथै सहभागितामा करिब २५ प्रतिशत नेपाली जनतालाई आवद्ध गर्न यो अभियान सफल भएको देखिन्छ । समानुपातिक सहभागितामा अगाडि बढेको यो अभियानले समावेशीतालाई समेत प्रशस्त आत्मसाथ गरेको छ । वित्तीय संकलन र परिचालनमा गरेको उपलब्धी अरु मुलुकका लागि पनि उदाहरणीय बनेर विश्वमा परिचित छ । अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सहकारी संघ लिमिटेड नेपाल, राष्ट्रिय सहकारी बैंक लिमिटेड सहितका केन्द्रीय संघहरू अन्तर ाष्ट्रिय सहकारी महासंघ (International Cooperative Alliance) लगायतका निकायमा आवद्ध भई नेपालको पहिचान गराउन सफल भएको अवस्था छ ।

नेपाल सरकारको तर्फबाट सहकारी तथा गरिवी निवारण मन्त्रालयको गठन गरिनुका साथै सहकारी विभाग, केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, पाँच स्थानमा प्रशिक्षण तथा डिभिजन सहकारी कार्यालय र ३३ वटा डिभिजन सहकारी कार्यालयको स्थापना गरिएको छ । राष्ट्रिय सहकारी विकास बोर्ड समेतको स्थापना भई सहकारी तथा गरिबी निवारण मन्त्री त्यस बोर्डको अध्यक्ष रहने प्रावधान रहेको छ ।

राष्ट्रिय सहकारी संघ लिमिटेड

नेपाल सहकारी अभियानको उपल्लो तहको रुपमा स्थापित छ भने २१ वटा विषयगत केन्द्रीय संघहरूको स्थापना भईसकेको अवस्था छ। सम्पूर्ण सहकारी संघ संस्थाहरूको प्रवर्द्धन, विकास र वित्तीय आवश्यकता परिपूर्ति गर्न, राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्थापना गरिएको छ। जसले ३७ वटा शाखा मार्फत् आफ्ना करिब ९ हजार सदस्य सहकारी संघ संस्थाहरूलाई सेवा प्रदान गर्दै आएको छ। नेपालको संविधान २०७२ मा तीन खम्बे अर्थनीति जसमा सरकारी, निजी र सहकारी भनी उल्लेख गरिएको छ। आ.व. २०७२/०७३ को अन्त्य सम्मको तथ्याङ्कीय विवरण निम्न अनुसार रहेको छ।

| कार्यप्रकृति | संस्था संख्या | संचालक | | | सदस्य | | | कर्मचारी | | | शेयर पूँजी | निक्षेप | लगानी रू. हजारमा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | ऋण | अन्य | जम्मा |
| बचत तथा ऋण | १३७६९ | ३८३०८ | ६०१६१ | ९८४६९ | १७६१९८४ | १६११९५६ | ३३७३९४० | १६९५८ | १७४६१ | ३४४१९ | ५३,६०५,८१४ | २१४,२२६,०४४ | १८९,२६९,१३८ | २७४,२६७ | १८९,५४३,४०५ |
| बहुउद्देश्यीय | ४०५५ | ११२१९ | १६९३८ | २८१५७ | ५६१३३० | ६२५८४५ | ११८७१७५ | ४९५७ | ५२८४ | १०२४१ | १०,६२०,४६८ | ६०,८७१,५७६ | ५७,८७२,७०४ | ३१,८४२ | ५७,९०४,५४६ |
| कृषि | ९९६५ | २७०८५ | ३६७५५ | ६३८४० | ५७२०१३ | ४३२३४३ | १००४३५६ | २५९९ | ३०४५ | ५६४४ | ४,६८२,७०७ | १५,८२८,२९४ | ३६,४७६,६४० | ७३,०७८ | ३६,५४९,७१८ |
| दुग्ध | १६५२ | ३२०६ | ८३६७ | ११५७३ | २८२४८ | ७४९११ | १०३१५९ | ३७८ | १२८७ | १६६५ | ३०४,१०८ | १,०६९,८०२ | ७२१,९७६ | ४,७७२ | ७२६,७४८ |
| उपभोक्ता | १४६१ | ३०९३ | ६७२५ | ९८१८ | २२७९९ | ३९९०४ | ६२७०३ | ३२८ | ५०२ | ८३० | २७६,१८० | ४९४,४३९ | ६८९,६१७ | ६६९ | ६९०,२८६ |
| विदयुत | ४५० | ८०१ | २७०७ | ३५०८ | १७२४९ | ५६१५८ | ७३४०७ | ७३ | २९३ | ३६६ | १७०,८१३ | ९१,५५५ | १६०,८८५ | ४,४८७ | १६५,३७२ |
| तरकारी तथा फलफूल | १८९ | ५२४ | १०५५ | १५७९ | १०६६६ | १०५१५ | २११८१ | ५६ | ७३ | १२९ | ५३,४२३ | १५८,५५८ | १४२,५१६ | १३५ | १४२,६५१ |
| चिया | १०६ | १८६ | ६६६ | ८५२ | २१५६ | ४८१८ | ६९७४ | ४६ | १०३ | १४९ | ९२,६८९ | २९,२२९ | ४९,८२२ | १,६५२ | ५१,४७४ |
| कफि | १४८ | ३४९ | ५८२ | ९३१ | २४३० | ३५०० | ५९३० | ३४ | ४३ | ७७ | ११,१४६ | २७,५९८ | ४३,११८ | २९४ | ४३,४१२ |
| जडिबुटी | १९१ | ३६५ | ९९० | १३५५ | ४३९६ | ६००६ | १०४०२ | ३२ | ३८ | ७० | ३७,६०८ | ४१,२२७ | १०१,१७४ | २६९ | १०१,४४३ |
| मौरीपालन | ९७ | २८९ | ४०१ | ६९० | १९४६ | २०५५ | ४००१ | २३ | २४ | ४७ | ६,६६० | ७,२४१ | १२,७५३ | ३२ | १२,७८५ |
| संचार | १३६ | २८५ | ८१५ | ११०० | ३३२२ | १००१५ | १३३३७ | १९० | ३०७ | ४९७ | २७३,७५५ | ८४,४३१ | १००,२९८ | ५,९०५ | १०६,२०३ |
| स्वास्थ्य | ११२ | २८२ | ६६३ | ९४५ | ५१९१ | ६५३७ | ११७२८ | ३१२ | ५४५ | ८५७ | ३५७,८०१ | ३१६,७३५ | १८१,७७४ | ४७ | १८१,८२१ |
| उखु | ४८ | ५३ | ३०० | ३५३ | ६८५ | १६८४ | २३६९ | ० | १ | १ | ६,१५६ | १७,२७३ | २४,६८५ | ० | २४,६८५ |
| जुनार | ४४ | २१३ | १२२ | ३३५ | ५७७ | ९८२ | १५५९ | १ | ० | १ | १,१४७ | ५,८०१ | ५,९०० | ० | ५,९०० |
| अन्य | ११७६ | ३३६० | ४९५७ | ८३१७ | ९१३२६ | ५७३१० | १४८६३६ | ७०६ | ७७६ | १४८२ | ८५७,४०७ | २,४५७,९९९ | ३,५६५,८०० | ८,७९२ | ३,५७४,५९२ |
| जम्मा | ३३,५९९ | ८९,६१८ | १४२,२०४ | २३१,८२२ | ३,०८६,३१८ | २,९४४,५३९ | ६,०३०,८५७ | २६,६९३ | २९,७८२ | ५६,४७५ | ७१,३५७,८८२ | २९५,७२७,८०२ | २८९,४१८,८०० | ४०६,२४१ | २८९,८२५,०४१ |

(स्रोत: सहकारी विभाग)

चालु आर्थिक बर्षको यो हालसम्ममा स्वभाविक रुपले तथ्याङ्क वृद्धि भएको छ। सदस्य सहभागितामा करिब ६७ लाख पुगीसकेको अनुमान गरिएको छ।

## (ख) सुधार गर्नुपर्ने केही पक्षहरू

प्रारम्भमा अन्तर्राष्ट्रिय क्षेत्रमा अपनाइएको सहकारी पद्दती र आचरण अनुरुप हाम्रो देशले सहकारी अभियानलाई अगाडि बढाउन सकेन। राणा शासनको अन्त्यपछि प्रारम्भ गरिएको यो अभियान २०१७ साल पौषको राजनैतिक घटनासँगै नियन्त्रित साझा कार्यक्रमको रुपमा अगाडि बढ्यो। नेपाली समाजको बनोट आफैंमा सामुहिक आर्थिक क्रियाकलापमा अभ्यस्त थिएन। समाज मुलत: व्यक्तिगत र पारिवारीक उत्पादन प्रणालीमा विभक्त थियो । राज्यले पनि सामुहिक भावनाको आधार दरिलो बनाउने सोच लिएको थिएन। नीति, नियम र ऐनमा पनि त्यस किसिमको प्रावधान राखिएको पाइदैन। सहकारीबारे जनतामा ज्ञानको अभाव र अन्य व्यक्ति विशेष एवं निकायहरूमा समेत सु-सूचित गराउने, अध्ययन गर्ने कार्य उपलब्धी मुलक रुपमा भएको थिएन। मुलत: निर्देशन र नियन्त्रित सहकारी तर्फ नै लान राज्य लागि परेको अवस्था थियो। विश्वको सहकारी अभियानको इतिहासले पनि के पुष्टि गर्दछ भने जुन देशमा लोकतन्त्र र प्रजातन्त्र रहदैन त्यहाँ अन्तर्राष्ट्रिय सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरुप सहकारी अभियान संचालित हुन पनि सक्दैन। पंचायतकाल भरी यसको प्रत्यक्ष प्रभाव सहकारीमा पर्न गयो। २०४८ सालको ऐनको प्रादुर्भाव पछि सहकारी क्षेत्रले राज्यको लगानी बिना पनि प्रसस्त प्रगति गरेको देखिन्छ। तरपनि सहकारीको मर्म अनुसार सबै संस्थाहरू खुलेको देखिदैन। विभिन्न समस्याहरूका अतिरिक्त धेरैमा ज्ञान र अनुभवको कमी देखिन्छ। तालिम, प्रशिक्षणको अझै पर्याप्त व्यवस्था हुन सकेको छैन। संकलित पूँजी उत्पादन क्षेत्रमा कसरी लगाउने र उत्पादित बस्तुको बजार व्यवस्थापन गर्ने कार्यको समस्या यथावत रहेको छ। भण्डारण, आधुनिक औजार, यातायात, प्रविधि जस्ता अत्यावश्यक क्षेत्रमा पनि हाम्रो पहुँच पुग्न सकेको छैन। पूर्वाधार विकासमा राज्यको तर्फबाट सहयोग भएको छैन। गरिबीको रेखामुनीको जनसंख्या अझै २३ प्रतिशत कायम रहेको वर्तमान अवस्थामा सबै जनतालाई सहकारीमा आवद्ध गराउने कुरा चुनौतिपूर्ण रहेको छ। युवा वर्ग लक्षित कार्यक्रम र अधिकतम रोजगारी सृजना गर्ने कार्यमा राज्य, नीजि क्षेत्र र सहकारी आ-आफू वा मिलेर लाग्न अत्यन्त जरुरी छ। तर त्यस तर्फ अझै ध्यान पुगेको छैन। प्रोत्साहन गर्ने निकायको अभाव छ। समयानुकुल नीति नियम परिमार्जन र निर्माणमा राज्यको विशेष ध्यान जानसकेको छैन। गरिवी निवारणसँग जोडिएका कार्यक्रम लक्षित वर्गसम्म पुऱ्याउने आधार स्तम्भको रुपमा सहकारी क्षेत्र स्थापित भईसकेको भएता पनि त्यस्ता कार्यक्रम अझै राज्यले सहकारी मार्फत् परिचालन गर्ने योजना बनाएको छैन। नेपालको गरिवी निवारणको मुल आधार सहकारी आर्थिक कृयाकलापलाई बनाउन राज्य तयार हुनु पर्दछ। यसका अतिरिक्त निम्न कुराहरूमा सुधार गर्नु जरुरी छ :-

राजनीतिक दलहरूमा स्पष्टता :

सहकारी अभियानका सम्बन्धमा यो मुलुकमा क्रियाशिल राजनीतिक दलहरूमा अझै स्पष्टता आउन सकेको छैन। दल अन्तर्गतका अगुवा नेतृत्व वर्गमा पनि आ-आफ्नै बिचार र अभिव्यक्तिहरू समय समयमा आउने गरेको पाइन्छ। यस्तो अवस्थाको अन्त्य नभएमा अथवा दलहरू नै अस्पष्ट भएपछि ऐन कानुन निर्माण र व्यवहारमा समेत त्यसको असर पर्ने गरेको छ।

**संविधानको भावना अनुरुपको ऐन निर्माण:**

नेपालको संविधानले सहकारीलाई महत्वपूर्ण स्थान दिएको छ। संविधानमै सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गरिने, सहकारी क्षेत्रलाई प्रवर्द्धन

गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने, सहकारीलाई राज्य स्तरबाटै ईजाजत, नियमन, संचालन र स्थापना गरिने लेखिएको परिप्रेक्षमा र हाम्रो मुलुकको आवश्यकता र अन्तराष्ट्रिय अनुभव समेतलाई ख्याल गरी संकुचित हैन फराकिलो हुने गरीको ऐनको निर्माण गरिनु पर्दछ ।

**शिक्षा, तालिम र प्रकाशनमा जोड**

सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना त भयो तर पर्याप्त दक्ष जनशक्तिको अभाव छ । सबै कर्मचारीहरू तालिम प्राप्त भएको अवस्था छैन । सहकारी अभियन्ता र सहकारीकर्मीहरूमा पनि यसको खाँचो टड्कारो रुपमा देखिएको छ । अध्ययन गर्ने सामाग्रीको पनि उचित प्रबन्ध र पर्याप्तताको खाँचो रहेको छ । सहकारी शिक्षालाई माध्यमिक तहदेखि नै अनिवार्य अध्ययन गर्ने विषय बनाउनु पर्ने आवश्यकता पनि बढ्दै गएको छ ।

**नियमित अनुगमन र आवद्धतामा वृद्धि**

सहकारी संघ/संस्थाहरू स्वनियममा चल्ने निकाय भएको हुँदा नियमित अनुगमनको अभावमा कुनै त्रुटीहरू दोहोरिन सक्ने सम्भावना हुने हुँदा आफूभन्दा उपल्लो तहको निकाय, संघहरूमा आवद्ध गराउन अनिवार्य व्यवस्थामा कमी देखिएको छ। पहिलो कुरा त ज्ञानको अभाव छ, दोस्रो कुरा झण्झटिलो र नियमित शुल्क अधिक तिर्नुपर्ने प्रावधानबाट पनि कतिपय संघहरूमा आवद्धतामा कमी आएको छ । सबै संघ संस्थाहरूमा एक अर्कामा समन्वय गरी संचालन गर्न सक्ने वातावरण बन्दै गएमा धेरै विकृति तथा देखिएका विसंगतिहरूको अन्त्य समेत हुन जानेछ ।

**पुरस्कार र दण्डको व्यवस्था**

सहकारी संघ/संस्थालाई राज्य र संघहरूले कामको आधारमा पुरस्कृत गर्ने र गलत कार्य गर्नेलाई समय मै सचेतनाका लागि दण्डको व्यवस्था गर्नु पर्ने हुन्छ। यस्तो गरिएमा काम गर्नेहरूले प्रोत्साहन पाउने छन् र विकृतिको न्यूनिकरण हुन जानेछ ।

**आवश्यकताको आधारमा संस्था दर्ता**

मुलुक भरी संख्यात्मक हिसावले धेरै संस्था दर्ता गरिएको देखिएता पनि कतिपय ठाउँमा अझै संस्थाहरू दर्ता गरी संचालनमा आउन सकेको अवस्था छैन । जुन ठाउँमा संस्था वा संघको आवश्यकता छ, त्यस्तो पहिचान गरी दर्ता गर्ने परिपाटी बसाल्नु पर्दछ । जहाँ चर्को व्याजको मारमा जनता पिल्सिएका छन् त्यस्ता स्थानमा ऋण तथा बचत सहकारी स्थापना नगर्ने तर शहरमा बढि केन्द्रीत हुने गरी स्थापना गर्ने र घाटामा गई डुब्ने गरेको पनि पाइन्छ । दर्ताको संख्या धेरै देखिए पनि संचालनमा आएका सहकारीको संख्या दर्ता अनुपातमा रहेको देखिदैन ।

**कृषि, पर्यटन, जलविद्युत क्षेत्रमा जोड**

नेपाल परम्परादेखि नै कृषिप्रधान देशको रुपमा परिचित छ । वर्तमान सम्ममा पनि कृषिमा करिब ६३ प्रतिशत जनताको सहभागिता रहेको छ । तर उत्पादित वस्तुबाट मुलुक आत्मनिर्भर हुन सकिरहेको छैन । हामीले कृषिमा परम्परावादी शैलीमै काम गरिरहेको अवस्था छ । युवाहरूको आकर्षण कृषि क्षेत्र अझै बन्न सकिरहेको छैन। त्यसैले सहकारीको माध्यमबाट सामुहिक खेति, आधुनिक औजार हरूको प्रयोग गर्न आवश्यक भई सकेको छ। यसतर्फ अब सहकारी क्षेत्रले लाग्न जरुरी छ। अर्को तर्फ हाम्रो देशमा पर्यटनको प्रसस्त सम्भावना छ । तर त्यस क्षेत्रमा सहकारीको सहभागिता न्यून रहेको छ । त्यस तर्फ पनि ध्यान जान जरुरी छ । जल बिद्युत मुलुकका लागि अति आवश्यक भएको छ । विकासको पहिलो आयाम नै बाटो र जलविद्युतबाट सुरुवात हुन्छ । दुबैको अभावमा मुलुकले आर्थिक विकास गर्न सक्दैन । त्यसैले सहकारीको सहभागितामा विद्युत उत्पादनमा लाग्नु पर्ने आजको आवश्यकता हो । जन सहभागिताबाट निर्माण गर्दा दीगो बिकास पनि हुने र सबैको अपनत्व पनि हुने हुँदा कृषि, पर्यटन र जलविद्युत क्षेत्रमा सहकारीको संलग्नता महत्वपूर्ण र अनिवार्य छ ।

**जनविश्वासमा बृद्धि**

सहकारीमा सहभागिता र उपलब्धी धेरै भएता पनि आम नेपाली जनतामा सहकारी प्रतिको जनविश्वासमा अझै कमी देखिएको अवस्था छ । ठूलो कारोबार गर्नका लागि संकुचन गर्ने र खुद्रा मसिना कारोबार गर्ने थलोको रुपमा मात्र सहकारी अभियानलाई ठान्ने यो प्रवृत्तिको अन्त्य गर्न जरुरी छ । यस प्रकार जन विश्वासमा भएको यो कमीलाई अन्त्य गर्नु पनि सहकारी अभियानको सुधार गर्नु पर्ने पक्ष रहेको छ ।

**सहकारी मैत्री कर प्रणाली**

सहकारी एक सामुहिक व्यवसाय गर्ने संस्था हो । यसले बढि मुनाफालाई प्राथमिकता भन्दा सदस्यहरूको र समुदायको सेवामा जोड दिन्छ । सदस्यहरू मिलेर आफ्नो आवश्यकता परिपुर्ति गर्नका लागि काम गर्ने गर्दछन् । आर्जित मुनाफाको अधिकतम १५ प्रतिशतभन्दा बढि मुनाफा वितरण गर्न पाइदैन तर हाल सरकारले २० प्रतिशत लाभांश कर र अन्य धेरै प्रकारका करहरू असुल गर्ने गरेको छ । सहकारीबाट मोटो रकम करका रुपमा असुल्नमा राज्य केन्द्रीत देखिन्छ। तर सहकारीबाट कर असुल्ने होइन बरु सहकारीले कर तिर्न सक्ने क्षमतावान जनशक्तिको निर्माण गर्ने भएकोले त्यसलाई उपलब्धीका रुपमा लिन राज्यले सकिरहेको छैन, सिङ्गो सहकारी अभियानले पनि यो कुरालाई बुझाउन सकिरहेको छैन । राज्य नागरिकबाट प्राप्त भएको करबाट मजबुत बन्दै गएको छ। लगानीकर्ताले भन्दा राज्यले बढी लाभांश लिने कार्य व्यवहारिक मानिदैन, त्यसैले सहकारी मैत्री कर प्रणलीको पनि अभाव देखिएको छ ।

यिनीहरूका अतिरिक्त राज्यका तर्फबाट प्रोत्साहित गर्ने कार्यमा कमी छ । संस्था संचालनमा आवश्यक मार्गदर्शनको अभाव छ, सहकारी क्षेत्रलाई हेर्ने दृष्टिकोण नै राज्यका तर्फबाट नकारात्मक रहेको देखिन्छ। सहकारी क्षेत्रको प्रभाव सबै क्षेत्रमा पर्ने भएता पनि सहकारी संघ संस्था र स्थानीय निकायसँग व्यवहारिक र हार्दिक सम्बन्ध नहुनु, यस क्षेत्रको गहन अध्ययन अनुसन्धान नहुनु, संघ संस्थाको क्षमता वृद्धिमा कमी हुनु, संघहरूमा आवश्यक स्रोत, साधन र दक्ष जनशक्तिको अभाव हुनु लगायतका समस्याहरू पनि छन् । राज्यले सहजकर्ताको रुपमा आफ्नो उपस्थिति र भूमिका निर्वाह गर्दै गएमा विश्वव्यापी हिसावले छुट्टै आर्थिक मोडेलका रुपमा स्थापित सहकारी क्षेत्र नेपालको आर्थिक विकासका लागि एउटा भरपर्दो माध्यमका रुपमा अवश्य अगाडि बढ्नेछ ।

जय सहकारी

# सहकारी तथा गरिबी सूचना प्रणाली...

तालिम समापन कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलले सहकारीमार्फत राज्यको अर्थतन्त्रमा पुऱ्याउने योगदानलाई प्रभावकारी बनाउन प्रविधिको प्रयोग आवश्यक रहेको बताउनुभयो ।

बैंकका प्रवन्ध सञ्चलालक के.बी. उप्रेतीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहकारी विभागका उपरजिष्ट्रार नारायण ज्ञवाली, केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रका प्राचार्य भरतप्रसाद आचार्य, प्रशिक्षक सगुन धाख्वा, प्रशिक्षार्थीहरु सविना बस्नेत र बिनोद भट्टराईले तालिमको प्रभावकारिताका बारेमा मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमका सञ्चालन बैंकका शिक्षा तथा तालिम विभागका प्रमुख रामबाबु आचार्यले गर्नु भएको थियो ।

तालिममा सहकारी तथा गरिवी निवारण मन्त्रालयका सहसचिव सुरेश प्रधान, सहकारी विभागका उपरजिष्ट्रार नारायण ज्ञवाली, केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रका प्राचार्य भरतप्रसाद आचार्य, सहकारी तथा गरिवी निवारण मन्त्रालयका प्राविधिक प्रशिक्षक सगुन धाख्वा र प्राविधिक विवेक बरालले सहजीकरण गर्नु भएको थियो ।

बैंकका सञ्चालक तथा कर्मचारीलाई सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली सम्बन्धी प्रशिक्षण दिएर देशभरका सहकारीलाई यो प्रणाली बारे जानकारी दिने उदेश्यका साथ तालिम आयोजना गरिएको र तालिम प्रभावकारी बनेको बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले बताउनुभयो ।

सहकारी क्षेत्रको सूचना, तथ्याकंहरुलाई नियमित, विश्वसनिय, वास्तविक बनाई व्यवस्थापन सूचना प्रणालीमा आधारित अनुगमन, नियमन पद्धती स्थापित गर्न आधुनिक सूचना प्रणालीको विकास गर्न, सहकारी संघ, संस्थाहरुको गठन, आर्थिक कारोवार, वित्तीय सूचना तथा सेवा प्राप्तीमा सम्बन्धित सबैको पहुँच अभिबृद्धि गर्ने लगायतका उदेश्य राखेर सहकारी तथा गरिवी निवारण मन्त्रालयले सहकारी तथा गरिवी सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याएको छ ।

## सहकारी दिवसको अवसरमा भएका कार्यक्रम
## 'बाग्मती सरसफाई महाअभियानमा बैंकको सहभागिता'

राष्ट्रिय सहकारी दिवस मुल समारोह समिति काठमाडौंको आव्हानमा ६० औं राष्ट्रिय सहकारी दिवसको अवसरमा आयोजित बाग्मती सरसफाइ अभियानमा राष्ट्रिय सहकारी बैंकले सहभागिता जनाएको हो । बैंकको केन्द्रीय कार्यालय सहित काठमाडौं उपत्यका रहेका सम्पूर्ण शाखा कार्यालयहरुका कर्मचारीहरुको यस सरसफाइ अभियानमा सहभागिता रहेको थियो ।



## जेष्ठ नागरिक आश्रममा फलफुल वितरणा

६० औं राष्ट्रिय सहकारी दिवसको अवसरमा राष्ट्रिय सहकारी बैंक लि. शाखा कार्यालय ठिमीले सिद्धि शालिग्राम जेष्ठ नागरिक आश्रम जगातीका वृद्धा-वृद्धहरुलाई फलफुल वितरण गरेको थियो । बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलको प्रमुख आतिथ्यमा, संचालक सरिता भट्टराई र सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटाको उपस्थितिमा ठिमी शाखाले आश्रम जगातीका जेष्ठ नागरिक वृद्धा-वृद्धहरुलाई विस्कुट, दुध र फलफुल वितरण गरेको थियो ।

## "नि:सहायलाई बैंकद्धारा फलफूल वितरण"

६० औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा राष्ट्रिय सहकारी बैंक लि. शाखा कार्यालय बानेश्वरले नि: साहय सेवा सदन शान्तिनगरमा रहेका वृद्धा-वृद्धहरुलाई फलफुल वितरण गरेको थियो । बैंकका सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटाको उपस्थितिमा शाखा कार्यालय बानेश्वरका सम्पूर्ण कर्मचारीहरुद्वारा सेवा सदनमा रहेका करिब ४२ जना नि:सहाय वृद्धा-वृद्धहरुलाई फलफूल वितरण गरिएको थियो ।

## 'CPCS का अनाथ बालबालिकाहरुलाई बैंकद्वारा सहयोग'

६० औं राष्ट्रिय सहकारी दिवसको अवसरमा राष्ट्रिय सहकारी बैंक लि. शाखा कार्यालय लगनखेल र चापागाउँको संयुक्त आयोजनामा Child Protection Centers Service (CPCS) गोदावरीमा रहेका अनाथ बालबालिकाहरुको चेतना जगाउने हेतुले हातधुने साबुन, दाँतमाझ्ने ब्रस, मन्जन, फलफुल लगायत बिस्कुट वितरण गर्दै बालबालिकाहरुको मनोबल बढाउने कार्य समेत गरिएको थियो । उक्त कार्यक्रमा राष्ट्रिय सहकारी बैंक लि. का संचालक रामशरण शर्मा घिमिरे, रामहरि बजगाई र सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटा, शाखा कार्यालय लगनखेल र चापागाँउका कर्मचारीहरुले बालबालिकाहरुलाई सरसफाईका समाग्री र खानेकुराहरु वितरण गर्नुभएको थियो ।

## सन्दर्भः ९५ औं अन्तर्राष्ट्रिय सहकारी दिवस

# सहकारीको सुनिश्चितताः कोहि पछाडी पर्ने छैनन्

# Cooperative Ensure no one is left Behind

**रामसुधन तिमिल्सिना**
*सदस्य*
**सूचना, सञ्चार तथा प्रकाशन उप-समितिः राष्ट्रिय सहकारी बैंक**



विश्वभरिका सहकारीहरुले प्रत्येक वर्ष जुलाई महिनाको पहिलो शनिवारका दिन अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउँछन् । सन १९२२ देखि औपचारिक रुपमा यो दिवस मनाउन थालिएको हो । यस वर्ष १ जुलाई अर्थात १७ असारका दिन ९५ औं अन्तर्राष्ट्रिय सहकारी दिवस विश्वभरि मनाइएको छ । यस वर्ष सहकारीको सुनिश्चितता : कोहि पछाडी छुट्दैनन भन्ने नाराका साथ अन्तर्राष्ट्रिय सहकारी दिवस मनाइदै छ । सहकारी व्यवसायमा कसैले पनि पराइको व्यवहार भोग्नु पर्दैन । सबै साथ साथ अगाडी बढ्ने भएकाले नै यस पटकको नारा कोहि पछाडी नछुट्ने कुरामा सहकारीले सुनिश्चित गर्दछ भन्ने भावलाइ समेटिएको हो । खुला सदस्यता, सदस्यको प्रजातान्त्रिक नियन्त्रण र सदस्यको आर्थिक सहभागिताको सिद्धान्तले पनि सहकारी व्यवसाय सबै समुदायको स्तर वृद्धिका लागि उपयुक्त मोडेल सावित भएको छ ।

सहकारीमा सबैलाई स्थान सुरक्षित हुने भएकाले पनि अन्तर्राष्ट्रिय सहकारी महासंघको सहकारी प्रवर्द्धन तथा प्रगति समितिले सहकारीले सबैलाई साथ लिएर जान्छ भन्ने सुनिश्चित गरेको मर्मलाई ९५ औं सहकारी दिवसको नारा तय गरेको हो । जात, धर्म, लिङ्ग, संस्कृति, सामाजिक अवस्था, आर्थिक परिधि केहि कुराले विभेद नहुने भएकाले सहकारी आज विश्वभरिका देशले अवलम्बन गरेको आर्थिक मोडेल बनेको छ । सबै जातजाती, धर्म भाषाभाषी, लिङ्ग, आर्थिक अवस्था भएका समुदायको जिवनस्तरमा सुधार ल्याउने सहकारी मोडेललाई युएनले २०३० मा पुरा गर्न तय गरेको दीगो विकास लक्ष्य प्राप्तीको लागि लागि महत्वपूर्ण भूमिका खेल्ने साझेदारका रुपमा लिएको छ ।

**दिगो विकास लक्ष्यका विशेषताहरुः**

गरिवीको अन्त्य, भोकमरिको अन्त्य, स्वस्थ र समुन्नत समाज निर्माण, गुणस्तरी शिक्षा, लैङ्गिक समानता, स्वच्छ पानी र सरसफाई, स्वच्छ उर्जामा पहुच, मर्यादित रोजगार र आर्थिक बृद्धि, उद्योग पूर्वाधार र नविन सिर्जना,, असमानता न्युनिकरण,, दीगो शहर र समुदायहरु, जिम्मेवारीपूर्ण उपभोग तथा उत्पादन, जलवायू परिवर्तनमा तत्काल पहल, जलमुनीको जैविक विविधताको संरक्षण, जमिन माथिको जैविक विविधताको संरक्षण, शान्ति न्याय र शसक्त निकाय र लक्ष्य प्राप्तीका लागि साझेदारी जस्ता गहन लक्ष्य प्राप्तिमा सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने भएकाले नै सहकारी क्षेत्रलाई विश्वले महत्वपूर्ण रुपमा हेरिरहेको हो ।

यसै सन्दर्भमा नेपालको संविधानले सहकारीलाई सार्वजनिक र नीजि क्षेत्रकै हैसियत दिएको छ तर व्यवहारिक रुपमा भने अझै पनि नेपालमा सरकारी निकायले सहकारीको विशेष आर्थिक मोडेललाई आत्मसाथ गर्न नसकेको हो कि भन्ने भान परेको छ । सहकारीहरुलाई अझै पनि व्यसायीक क्षेत्रमा कार्य गर्नका लागि, उद्योग संचालन गर्नका लागि समस्या देखा परेका छन् । आउन लागेको सहकारी ऐनले त्यस विषयमा सम्बोधन गर्ने विश्वास लिन सकिन्छ ।

कतिपय समस्याहरु नीजि क्षेत्रले समाधान गर्न सक्दैनन् अझ भन्नुपर्दा कतिपय समस्या नीजि क्षेत्रले नै सिर्जना गरेका पनि छन् । तर सहकारी यस्ता महत्वपूर्ण आर्थिक खम्बा हो, जसले पछाडी परेकालाई पनि साथ लिएर जाने भएकाले पनि सहकारी क्षेत्र नेपालको समृद्धिका लागि प्रमुख औजार बन्न सक्छ । त्यसैले नयाँ नेपालको सपना देख्नेहरुले नयाँ नेपाल निर्माणका लागि भूमिका खेल्न सक्ने क्षेत्रको विषयमा पनि गहन अध्ययन गर्नुपर्ने देखिन्छ । सहकारी भनेपछि नाक खुम्च्याउने अनि समृद्ध मुलुक र समृद्ध नागरिकको कल्पना मात्रै गर्ने हो भने त्यो कागजमा मात्र सिमित हुने छ । कतिपयले नीजि र सहकारीलाइ एउटै टोकरीमा राखेर हेर्ने गरेका छन् । सहकारीको सिद्धान्त बेग्दै हुदा हुदै विश्वले नै सहकारीको फरक अर्थव्यवस्थालाई स्विकार्दा स्विकादै पनि यसरी सहकारीको अर्थव्यवस्थालाई आत्मसाथ गर्न नसक्नु भनेको व्यक्तिगत स्वार्थको परिणाम हो ।

यहाँ धनी धनि बनिरहन्छन । गरिव झन झन गरिव हुन्छन् । राज्यले पनि करलाई फोकस गर्ने भएकाले पछाडी परेका छुट्दै जान्छन् । धनि र गरिवबीचको खाडल बढ्दै जान्छ । यो खाडललाई पुर्न सक्ने सबैलाई साथ साथ लिएर समृद्धितर्फ लम्कन सक्ने आर्थिक मोडेल सहकारी नै हो । यसका हजारौ उदाहरण नेपालकै सहकारीहरुले नै दिएका छौं । अझ अन्तर्राष्ट्रिय क्षेत्रमा निहाल्ने हो भने अनगिन्ती उदाहरण पाउन सक्छौं । नेपालमा हिजोसम्म घरको घेराभित्र सिमित हुने महिलाहरु सहकारीका कारण आत्मनिर्भर भएका छन् । सहकारीकै कारण मजदुर मालिक बनेका छन् । स सानो व्यवसाय गर्नका लागि सहकारीले सहज बनाइदिएको छ । जसले गर्दा उद्यम गर्नेहरु बढेका छन् ।

आज असमानता बढिरहेको छ । असमानताको वित्तीय व्यवस्थाको विकल्पका रुपमा रहेको सुन्दर मोडेललाई आत्मसाथ गरेर विश्वका धेरै देशले आफ्ना जनताको स्तरबृद्धि र समान हैसियत निर्माण गर्न

सकेका छन् । त्यसैले त आइसीएले दावीका साथ सहकारीले कसैलाई पछाडी नछाड्ने सुनिश्चिता गरेको हो ।

असमानताकै कारण हामीले धेरै जोखिम भोगिरहेका छौं । रोग, भोकमात्र होइन आतंककारी क्रियाकलाप र द्वन्द्वसमेत धनि र गरिबको खाडलका कारणनै सिर्जना भएको हो । कम आए भएकालाई समेत आफ्नै सक्रियतामा आफ्नो जीवनस्तरमा सुधार ल्याउन भूमिका खेल्ने अर्थव्यवस्था भएकै कारण सहकारी आजको विकल्पका रुपमा देखा परेको छ । सबैलाई हित गर्ने अर्थव्यवस्था भएकाले सहकारीमार्फत ठूलो परिवर्तन गर्न सकिने विश्वास लिइएको छ । सहकारीको भाइचारको सम्बन्ध र सबैलाई हित गर्ने व्यवस्थाले विश्वलाई अझ सुन्दर मात्र होइन यो पृथ्वीलाई अझै धेरै समय बस्न लायक बनाउन सकिन्छ ।

सहयोगी बन्दा पनि आफ्नो र आफ्नो समुदायको आर्थिकस्तरमा उन्नती गर्न सकिन्छ भन्ने सन्देश सहकारीले दिएको छ । नेपालको सन्दर्भमा भने अझै पनि सहकारीको शक्तिलाई राज्यले बुझ्न सकेको छैन । हामी समृद्धि नेपाल, नया नेपालको परिकल्पना गरिरहेका छौ । सिमित साधन स्रोत भएको सरकारले जनताको असिमित आकाक्षालाई पुरा गर्ने सपना दलहरु बाँडीरहेका छन् । सपनाको लड्डु भने झै यसले रिजल्ट केहि दिदैन । तर जनताका लागि साँचै गर्ने हो भने जनतालाई आफ्नो लागि आफै, आफ्नै समुदायमार्फत अगाडी बढ्ने सहकारी मोडेलप्रति जागरुक गराउँदै यसलाई प्राथमिकतामा राखेको खण्डमा देश समृद्धि हुन्छ । जनता समृद्धि हुन्छन् । विदेशीको सहयतामा भर पर्नुपर्दैन । यति राम्रो अर्थ व्यवस्थालाई नेपाल जस्ता विकासउन्मुख देशले नजरअन्जार गर्नु पछाडी पर्नु हो । नेपालको संविधानमा तीन खम्बे अर्थ व्यवस्थाको कुरा उल्लेख गरेको भए पनि व्यवहारिक रुपमा अझै पनि सहकारीलाई भित्रैबाट राज्यका निकायहरुले विश्वास गरेको अवस्था छैन । सहकारी ऐन निर्माणको अन्तिम चरणमा छ । तर यसमा सहकारीको मर्म र भावनालाई समेट्न सकिएन भने, सहकारीलाई ठुलो स्केलमा सोचिएन भने ऐन बन्दैमामात्र केहि हुदैन । अब हामीले फराकीलो रुपमा सोच्नुपर्छ । हामी सानो दायराभित्र बसेर सोच्छौं । स साना कुरामा विवाद गरेर ठूलो अवसरलाई चुकाउँछौं । त्यसैले सबैलाई साथ लिएर हिड्न सक्ने अर्थव्यवस्था वास्तवमा सरकारको प्राथमिकतामा पर्नुपर्छ । नेपाल जस्तो देशले सबैलाई स्वास्थ, शिक्षा र रोजगार जस्ता आधारभुत कुरासमेत पुरा गर्न सक्दैन तर सहकारी मात्रै त्यस्तो अर्थव्यवस्था हो अलिकति सरकारको सहयोग भएको खण्डमा यसले सरकारलाई ठूलो सहजता प्रदान गरिदिने छ । सबैलाई साथ साथ लिएर हिड्ने छ । सय थरी बाजा एउटै ताल, सय थरी घोडा एउटै चाल भने झै सहकारीले सबैलाई एउटै छाता मुनी राखेर लम्काउने छ । साँचै सहकारीका सात सिद्धान्त सबैको समान विकासका लागि गायत्री मन्त्र सरी छन् । यी सिद्धान्तलाई आत्मसाथ गरेर सहकारीले अगाडी बढ्दा मात्र पनि ठूलो परिवर्तन हुन्छ । त्यसैले सहकारसामु सहकारीलाई छोडेर विकासको कल्पना गर्न सक्ने सम्भावना देखिदैन ।

सरकारका चुनौती बढ्दो छन् । अब रोजगार, शिक्षा स्वास्थ मात्र होइन पर्यावरण संकटसमेत ठूलो चुनौतीका रुपमा रहेको छ । अब पर्यावरणको संकटका लागि समुदायमा रहेको सहकारीलाई नअपनाएको खण्डमा ठूलो जोखिम हुन सक्ने चेतावनी अर्थशास्त्री जेर्मी रिफ्किनले दिएका छन् । उनले आर्थिक व्यवस्थालाई गतिसिल बनाउँदै पर्यावरणको क्षेत्रमा काम गर्न सक्ने मोडेल सहकारी भएको दावी गरेका छन् । सहकारीले पुँजीलाई भन्दा पनि मानीसलाई महत्व दिने भएकाले पनि सहकारी आन्दोलन अबको सबैको रोजाई बन्ने छ । त्यसैले सबैभन्दा पहिले सदस्य भन्ने भावना बोकेको अर्थव्यवस्था राज्यको प्राथमिकतामा पर्नुको विकल्प देखिदैन ।

मानिस आज अधिक कमाइ गर्ने होडबाजीमा पागल भएको छ । जसले पृथ्वीको सिमित स्रोतलाइ जथाभावी प्रयोग गरिरहेको छ । तर सहकारीले मितव्ययी समाजको परिकल्पना गरेको छ । सबैलाई समान अवसर र साधान स्रोत माथिको अधिकार सुनिश्चित गर्ने छ । निस्कृति उपभोक्ताबाट मानिसलाई सक्रिय उत्पादक बनाउने काममा सहकारीले भूमिका खेल्ने कुरामा कसैको दुई मत छैन । आज हामीले स्थानीय निकायलाई शक्तिशाली बनाएका छौं । यसलाई राम्रोसँग अभ्यास गर्न सकेको खण्डमा हाम्रो समृद्धिको सपना अब धेरै टाठा छैन । सामुदाहिक बनमार्फत फडानी भएका नाङ्गा भएका पहाडहरुमा कसरी वन संरक्षण भए भनेर हामीले विश्वलाई उदाहरण दिन सकेका छौं । त्यसैगरि स्थानिय निकायसँग सहकार्य गरेर सहकारी क्षेत्रमार्फत नेपालमा आमुल परिवर्तनका सन्देश दिनु छ ।

हाम्रो समाज विविधताले भरिएको छ । त्यसैले अनेकताबिच एकता भन्ने भावनामा रहेर काम गर्न सक्ने आर्थिक क्षेत्र हो सहकारी । समाजिक न्याय र उत्पादनमा बृद्धि गर्दै जनतामा आमुल परिवर्तनका लागि सहकारीलाई स्थानिय निकायले औजारका रुपमा अगाडी सारेको खण्डमा समृद्ध नेपालमा कोहि पछाडी पर्ने छैनन् । सबै साथ साथ अगाडी बढ्नेछन् । हामीले यो सानो मुलुकलाई नमुना बनाउन सक्ने छौं ।

## शाखा कार्यालय सुर्खेत स्थानान्तरण

९५ औं अन्तरराष्ट्रिय सहकारी दिवसको अवसरमा राष्ट्रिय सहकारी बैंकको शाखा कार्यालय सुर्खेत हाल सेवा दिईरहेको स्थानबाट बिरेन्द्रनगर-६ जुम्लारोडमा स्थानान्तरण गरिएको छ । शाखा स्थानान्तरणको समुद्घाटन कार्यक्रममा विभिन्न सहकारी संघ/संस्थाका प्रतिनिधिहरुका साथै राष्ट्रिय सहकारी संघका संचालक पदम दहाल, बैंकका संचालक हरिहरनाथ योगी, डिभिजन सहकारी कार्यालय सुर्खेतका प्रमुख देवी प्रसाद पौडेल, जिल्ला बचत संघका कृष्ण भण्डारी, जिल्ला बहुउद्देश्यीय सहकारी संघका चन्द्र प्रसाद थानी, सहकारी बिज्ञ डा.दिप वहादुर रावल तथा शाखा व्यवस्थापन समितिका संयोजक आशुराम सोमई लगायतका अथितिहरुको उपस्थितिका बीच सम्पन्न भएको थियो ।

# संस्थागत सुशासनको सान्दर्भिकता

- प्रमोद कुमार घिमिरे
सहायक प्रबन्धक
राष्ट्रिय सहकारी बैंक



अबको विश्व एउटा सानो गाँउमा परिणत भएको छ। शीतयुद्धको अन्त्यले संसारको कार्य संस्कृतिमा ठुलो परिवर्तन आएको छ । युरोप एकीकरण हुँदैछ । विश्वव्यापीकरणले एउटा ठाँउमा भएको अभ्यासलाई तुरुन्तै अर्को ठाँउमा पुर्‍याउँदछ । त्यसमाथि सूचना सञ्जालको उपलब्धताले सीमाहिन विश्व परिवेशको निर्माण हुँदैछ। एक मुलुकको कामदार भोलि अर्कै मुलुकमा तुरुन्तै पुग्दछ र आफ्नो सेवा वेच्न सक्ने हुन्छ । एउटा संस्थामा काम गर्ने व्यक्तिहरु पनि विभिन्न सांस्कृतिक परिवेश बोकेका थरी थरी कार्य संस्कारमा हुर्किएका व्यक्तिहरु जमघट हुनसक्ने अवस्था छ । अबको अवस्था भनेको सांस्कृतिक स्वतन्त्रता, बहुसांस्कृतिक अवस्था, मानवीय विविधतालाई संगसंगै कसरी लैजाने भन्ने चुनौती हाम्रासामु छ । हाम्रो देशमा रहेका सहकारी संस्थाहरुको प्रशासनको क्षेत्रहरुमा पनि यो चुनौती स्पष्ट देखिन्छ । त्यस अर्थमा पनि सुशासनको लागि कल्चुरल डाइभरर्सिटि हाम्रा लागि अवसर र चुनौती दुवै रुपमा अगाडी खडा भएका छन् । संस्था र सुशासनवीच कसरी उचित व्यवस्थापनको तालमेल मिलाउन सकिएला ? यसको लागि सोच्नुपर्ने बेला भइसकेको छ ।

प्रभावकारी, जवाफदेही, जन-सहभागितात्मक र पारदर्शि आदि विशेषणबाट सुसज्जित व्यवस्थापन नै वा शासन नै सुशासन हो । देशमा उपलब्ध आर्थिक एवम् सामाजिक संसाधनको समुचित व्यवस्थापन गर्न सरकार द्वारा गरिने शक्ति प्रयोगको तरिका शासन हो भने अर्को अर्थमा शासकीय व्यवस्थापनमा राम्रा विशेषताहरुको विशेषण थपेमा सुशासन हुन जान्छ। संस्थागत रुपमा भन्नुपर्दा कुनै पनि संगठनमा सञ्चालन गरिने काम कार्यवाहीहरु पारदर्शि ढङ्गबाट निर्धारण गरिएका ऐन, कानुनको दायरा भित्र रही संस्थागत उदेश्य प्राप्तिका लागि गरिने सम्पादित कार्य संस्थागत सुशासन हो । कुनै पनि संस्थाले आफ्नो अस्तित्वको लागि कानुनी मान्यता हासिल गर्दछ भने संस्था तब एउटा कृत्तिम व्यक्ति बन्न पुग्दछ । संस्था यसरी कृत्तिम व्यक्ति भएतापनि उसले निर्धारण गरेका नीति, नियम वा कानुनको पुर्ण पालना गर्नुपर्ने हुन्छ । निर्जीव प्राणीको रुपमा संस्थाले कुनै पनि किसिमका पिडा वा खुसी व्यक्त गर्न सक्तैन सहकारी संस्थाहरुमा संस्थागत सुशासन भित्र व्यवस्था गरिएका बुँदाहरु मध्ये प्रभावकारी र प्रतिभाशाली वोर्डको गठन मुख्य रुपमा उठाईएको पाईन्छ ।

समयको गतिशीलतालाई वोर्ड र व्यवस्थापनको सहकार्य मार्फत प्रभावकारी समन्वय गर्ने, दक्ष जनशक्तिको व्यवस्था मिलाउने, संगठनको लक्ष्य प्राप्तिका लागि रणनीति बनाउने, वित्तीय श्रोतको खोजि गर्ने तथा सरोकारवाला पक्षहरुको हितमा कामकाज गर्ने जस्ता कुराहरुको प्रत्याभुति गर्न गराउन निर्देशित गरेको छ । त्यसैगरी आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त राख्न र व्यवस्थापन संग सोझै पहुँच पुर्‍याउन लेखा समितिको व्यवस्था र त्यस अर्न्तगत आन्तरिक लेखा परीक्षणलाई स्वतन्त्र रुपमा सञ्चालन गर्ने गरी संगठन भित्र संयन्त्र निर्माण गर्न निर्देशित गरेको पाईन्छ । लेखा समितिले संस्थाको आन्तरिक नियन्त्रण प्रणाली तथा प्रयोगका साथै जोखिम व्यवस्था प्रणालीको अनुगमन गर्ने अधिकार राखेको छ । त्यसैगरी आन्तरिक लेखा परीक्षणले बार्षिक रुपमा कार्य योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने, संस्थागत आचार संहिताको पालना भए नभएको अनुगमन गर्ने जस्ता सुशासन प्रणलीको मुख्य एजेण्डा प्रति जिम्मेवार बनाईएको छ । लेखा समिति मार्फत सोझै वोर्डमा छलफल गरी पाईएका कमी कमजोरीहरुको सुधार गर्न गराउन व्यवस्थापनलाई निर्देशन दिन सक्ने देखिन्छ । यसरी संस्थाहरुमा संस्थागत सुशासनको मजबुत व्यवस्था गरेको त छ तर संस्थाले उचित व्यवहार गर्न र गराउन भने नसकेको अवस्था पाईन्छ । तसर्थ सहकारी संस्थाका व्यवस्थापकहरु, सरोकारवाला, कर्मचारीहरु, सञ्चालकहरु र सेवाग्राहीको प्रतिनिधिहरु समेतको पारस्परिक सदभाव, सहयोग र समन्वयबाट नै निर्देशित गरिएका सुशासन पद्धतिको पुर्ण पालना हुने कुरामा दुईमत हुने छैन । सुशासन पद्धतिको विकास समयको माग हो । कुनै पनि प्रशासन व्यवस्थामा कुनै एक पटकको प्रयोग पर्याप्त हुन्छ भन्न सकिने आधार छैन ।

सुशासन भित्रका कमी कमजोरीहरु अझै पनि रहेको हुन सक्दछ जसका कारण यसको समुचित प्रयोगमा व्यवधान आएको हुन सक्ने अवस्थालाई पनि नकार्न सकिन्न । वास्तवमा सुशासन आफैमा केही हैन, यसले राज्य सञ्चालनमा रहेका विभिन्न सांगठनिक संयन्त्रहरुको प्रभावकारी र नतिजा उन्मुख बनाई राष्ट्रले तय गरेका विकासका लक्ष्यहरु जनता समक्ष पुरा गर्दै राष्ट्रलाई समुन्नत बनाउनु हो । यसरी वित्तीय वा प्रशासन क्षेत्रमा संस्थागत सुशासनको अभ्यास राज्यले विगत केही बर्ष अघि खास गरी दशौं योजना अवधि देखि यसको आवश्यकता तथा महत्वलाई ध्यान दिएको देखिन्छ । देशमा सुशासन भएमा मात्र उन्नति, प्रगति र स्वाभिमानी नागरिकको उदय हुन्छ । राज्यको क्षमता र प्रभावकारीतामा आमुल परिवर्तन भएको अनुभुति दिलाउने अवस्था सुशासन नै हो । नेपालको हालको अवस्थामा सुशासनको लागि अवधारणागत, संस्थागत, संवैधानिक र कानुनी संरचना खडा गर्ने तर्फ यो संक्रमणकालीन अवधिमा अतिनै महत्वपुर्ण भएकोले यसको विवेचना गर्नु र सर्व साधारणमा सुसूचितहुनु अति आवश्यक छ । सबैले आ-आफ्नो स्थानबाट हुन सक्ने सकारात्मक कार्य पद्धतिको थालनि गर्न सकेमा मात्र सुशासनको अनुभुति दिन र पाउन सकिन्छ ।

सुशासन एउटा बहुआयामिक मान्यता हो । राजनैतिक, नैतिक र व्यवस्थापकिय पक्षहरु नै सुशासन को महत्वपुर्ण पक्ष हो । त्यसैगरी जनसहभागिता, पूर्वानुमानीयता, जवाफदेहिता र पारदर्शितालाई सुशासनका चार आधार स्तम्भको रुपमा लिने गरिन्छ । राज्यले दिने सुशासन भनेकै जनताको हितको लागि हो । यसमानेमा शासन सञ्चालनमा जनताको व्यापक सहभागिता हुनु पर्दछ । तब मात्र सर्वसाधारण जनता सवैले राष्ट्र निर्माणमा सहभागी भै योगदान दिन सक्दछन । यसो हुन सकेमा मात्र देशप्रति शासितहरुको अपनत्व कायम हुन्छ । नेपालमा सुशासन कायम गर्ने सम्बन्धमा भएको पछिल्लो महत्वपुर्ण कार्य सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६४ हो । यसमा जनताको वृहत्तर हित, समावेशीकरण, कानुनको शासन, मानवअधिकारको प्रत्याभुति, आर्थिक अनुशासन, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचारमुक्त प्रशासन, प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता, प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच, विकेन्द्रिकरण तथा अधिकार निक्षेपण तथा स्थानीय श्रोतलाई अधिकतम उपयोग गर्दै राजनीतिक र प्रशासनिक जिम्मेवारीलाई स्पष्ट परिभाषित गरेको छ । तर जब सम्म कुनै पनि संस्थामा पदीय मर्यादा कायम रहदैन र पदको दुरुपयोग हुने गरी शासन सञ्चालन गरिन्छ तब सम्म सुशासनको अवस्था फितलो हुन्छ । राज्यले कायम गरेको नीति, कानुनको पुर्णपालना गर्न गराउनु एउटा पाटो हो भने अर्को तर्फ पेशागत आचरणको अनुगमन सुशासनको प्रमुख कडी हो ।

# बैंकको प्राथमिकतामाः कर्जा जोखिम व्यवस्थापन तालिम

## गोंगबु

सहकारीहरुमा जोखिम न्यूनिकरण लगायत वित्तीय व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय गोंगबुले सञ्चालन गरेको



दुई दिने कर्जा तथा जोखिम व्यवस्थापन जेठ ०७४ जेठ १९ गते सम्पन्न भयो ।

तालिममा गोंगबु क्षेत्रमा रहेका सहकारी संघ/संस्थाहरुलाई सहकारीहरुले गर्ने बचत तथा ऋणको कारोबारलाई थप व्यवस्थित गराउनका लागि, आन्तिरक व्यवस्थापन, कर्जा लगानी र असुलीमा सरलीकरण तथा जोखिम व्यवस्थापनको लागि तालिम प्रभावकारी हुने भएकाले कर्जा तथा जोखिम व्यवस्थापन तालिम सञ्चालन गरिएको बैंकका संचालक तथा शिक्षा तथा तालिम विभागका प्रमुख सरिता तिम्सिना भट्टराईले जानकारी दिनुभयो । जिल्लामा क्रियाशिल वचत तथा ऋण, बहुउद्देश्यीय, कृषि लगायत विभिन्न प्रकृतिका सहकारी संघ संस्थाका सञ्चालक तथा व्यवस्थापकहरुलाई कर्जा तथा जोखिम व्यवस्थापन सम्बन्धी तालिम दिइएको हो । तालिममा कर्जाको महत्व, कर्जाको प्रक्रिया, कर्जा उपयोगिता, कर्जा विश्लेषण तथा व्यवस्थापन, जोखिम व्यवस्थापन, लघुकर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा बैंकका प्रवन्धक एवं व्यवसाय प्रवर्द्धन विभाग प्रमुख नवराज उपाध्याय, प्रबन्धक एवं तालिम विभागका प्रमुख रामबाबु आचार्य र सहायक प्रवन्धक तथा कर्जा विभाग प्रमुख प्रमोद कुमार घिमिरेले सहजीकरण गर्नु भएको थियो ।

तालिमका सहभागीलाई प्रमाणपत्र वितरण गर्दै बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतीले प्रभावकारी तालिमको माध्यमवाट विकसित समस्या, नयाँ प्रविधि परिवेश सुहाउंदा थप तालिम कार्यक्रम संचालन गर्न बैंक तयार रहेको बताउनुभयो । कार्यक्रम बैंकका सञ्चालक ज्ञानबहादुर तामाङको अध्यक्षता र गोंगबु शाखा प्रमुख बिनोद भट्टराईको सञ्चालनमा सम्पपन्न भएको थियो ।

## राजविराज

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय राजविराज शाखाको आयोजनामा सप्तरी जिल्लाका सहकारी संस्थाहरुलाई कर्जा व्यवस्थापन सम्बन्धि दुई दिने तालिम ०७३ पुस ८ गतेका सम्पन्न भएको थियो । सप्तरी जिल्ला र सो आसपासमा रहेका जिल्लालाई कार्यक्षेत्र बनाएर क्रियाशिल रहेका बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय, कृषि सहकारी तथा अन्य विभिन्न प्रकृतिका सहकारी संघ संस्थाका संचालक, व्यवस्थापकहरुलाई कर्जाको महत्व, कर्जाको उपयोगिता, व्यवस्थापन, जोखिम व्यवस्थापन, कर्जा विश्लेषण, लघुकर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निक्रिय कर्जा व्यवस्थापन लगायतका



विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरिएको थियो । सो कार्यक्रमको संचालन राजविराज शाखाका शाखा संयोजक विश्वनाथ मण्डलले गर्नुभएको थियो ।

सो कार्यक्रममा श्रोत व्यक्तिका रुपमा राष्ट्रिय सहकारी बैंक लि. का सहायक प्रबन्धक प्रमोद कुमार घिमिरे र डिभिजन सहकारी कार्यलय लाहानका प्रमुख राम प्रसाद सुवेदी रहनु भएको थियो ।

## बनेपा

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बनेपाको आयोजनामा काभ्रेपलाञ्चोक जिल्लामा रहेको सहकारी संघ संस्थाका प्रतिनिधिहरुलाई दुई दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम पुस २८ गते शुक्रवार सम्पन्न गरिएको थियो । सहकारी संघ संस्थाहरुको आन्तरिक व्यवस्थापन, कर्जा लगानी र असुलीमा सरलीकरण तथा जोखिम व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम आयोजना गरिएको बैंकले जनाएको छ । जिल्लामा क्रियाशिल वचत तथा ऋण, बहुउद्देश्यीय, कृषि लगायत विभिन्न प्रकृतिका सहकारी संघसंस्थाका सञ्चालक तथा व्यवस्थापकहरुलाई कर्जा तथा जोखिम व्यवस्थापन सम्बन्धी तालिम दिइएको हो । तालिममा बैंकका प्रवन्धक एवम् शिक्षा तथा तालिम विभाग प्रमुख नवराज उपाध्याय, सहायक प्रवन्धक तथा कर्जा विभाग प्रमुख प्रमोदकुमार घिमिरेले सहजीकरण गर्नु भएको थियो ।

तालिम समापनका क्रममा बैंकका लेखा समिति संयोजक कुलचन्द्र अधिकारी र सहायक महाप्रवन्धक हरिकृष्ण सापकोटाले तालिमलाई व्यवहारिक रुपमा प्रयोग गरी सहकारी क्षेत्रलाई पारदर्शी र व्यवस्थित गराउन आग्रह गर्नु भएको बनेपा शाखाका प्रमुख सिद्धिकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

## ठिमी

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय ठिमी र जिल्ला कृषि सहकारी संघ भक्तपुरको संयुक्त आयोजनामा भक्तपुर जिल्लाका कृषि सहकारी संस्थाहरुलाई लघुवित्त कर्जा व्यवस्थापन सम्बन्धि दुई दिने तालिम पुस २२ गते सम्पन्न गरिएको थियो । भक्तपुर जिल्लामा रहेका कृषि सहकारी संस्थाहरु मध्ये २१ वटा सहकारी संघ/संस्थाहरुका तर्फबाट ३१ जना सहभागीहरु रहेको सो तालिमको उद्घाटन राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रवन्ध संचालक के.वी. उप्रेतीले गर्नुभएको थियो । भक्तपुर जिल्लामा रहेका कृषि सहकारी संघ संस्थाका संचालक, व्यवस्थापकहरुलाई कर्जाको महत्व, कर्जाको उपयोगिता, व्यवस्थापन, जोखिम व्यवस्थापन, कर्जा विश्लेषण, लघुकर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निक्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्धेश्यले तालिम सञ्चालन गरिएको थियो ।

तलिममा बैंकका संचालक साथै शिक्षा तथा तालिम उपसमितिका संयोजक सरिता भट्टराइ, कर्जा विभाग प्रमुख प्रमोदकुमार घिमिरे, व्यवसाय प्रवर्द्धन विभागका उद्धव चौलागाई, शाखा प्रमुख सविना बस्नेत लगायतले सहजीकरण गर्नु भएको थियो ।

## सिमरा

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय सिमराको आयोजनामा बारा




जिल्लामा रहेका सहकारी संघ/संस्थाहरुलाई कर्जा व्यवस्थापन तालिम माघ १८ गते सम्पन्न गरिएको थियो । तालिममा बारा क्षेत्रका विभिन्न विषयगत ३१ वटा सहकारी संघ संस्थाका अध्यक्ष, संचालक तथा व्यवस्थापकहरु गरी ३१ जनाको सहभागिता रहेको थियो । प्रारम्भिक सहकारीहरुले गरेका लगानी व्यवस्थित तथा सुरक्षित गर्ने उद्देश्यले तालिम आयोजना गरिएको थियो ।

बैंकका सञ्चालक, शिक्षा तथा तालिम उपसमितिका संयोजक सरिता भट्टराई, प्रवन्धक एवम् शिक्षा तथा तालिम विभाग प्रमुख नवराज उपाध्याय, कर्जा विभाग प्रमुख प्रमोदकुमार घिमिरे, अधिकृत मिना कुमारी शर्मा, बारा जिल्ला डिभिजन सहकारी कार्यालयका प्रमुख कुलोत्तम पोखरेल, मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघका संचालक कल्पना श्रेष्ठले तालिममा सहजीकरण गर्नु भएको थियो ।

तालिममा कर्जासँग सम्बन्धित लघुवित्त लगानी तथा व्यवस्थापन, सहकारी बैंकको लगानी प्रक्रिया, बैंकको चिनारी सहित संचालकको जिम्वारी तथा भुमिका, कर्जा मुल्याङ्कन, सहकारीका सिद्धान्तहरु, जोखिम व्यवस्थापन र सहकारीमा शुसासन जस्ता विषयहरुमा छलफल तथा सहजिकरण गरिएको थियो ।

## चन्द्रनिगाहपुर

सहकारीहरुमा जोखिम न्यूनिकरण लगायत वित्तीय व्यवस्थापनमा सहयोग पुऱ्याउने उदेश्यले राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय चन्द्रनिगाहपुरले दुई दिने कर्जा व्यवस्थापन तालिम सम्पन्न गरेको छ । रौतहट जिल्लामा रहेका बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय, कृषि सहकारी तथा अन्य विभिन्न प्रकृतिका सहकारी संघ/संस्थाका संचालक, व्यवस्थापकहरुलाई कर्जाको महत्व, कर्जाको प्रक्रिया, कर्जाको उपयोगिता, कर्जा विश्लेषण तथा व्यवस्थापन, जोखिम व्यवस्थापन, लघुकर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निक्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्धेश्यले तालिम सञ्चालन गरिएको थियो ।

समापन कार्यक्रममा तालिममा बैंकका सञ्चालक, शिक्षा तथा तालिम उपसमितिका संयोजक सरिता भट्टराई, कृषि सहकारी संघ रौतहटका अध्यक्ष जगन्नाथ भेडियार, सफल बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष देवकी नेपाल र राष्ट्रिय सहकारी बैंक शाखा कार्यालय चन्द्रनिगाहपुर व्यवस्थापन उपसमितिका संयोजक खड्ग बहादुर तामाङ लगायतले तालिमको महत्वका बारेमा प्रकाश पार्नु भएको थियो । रौतहट क्षेत्रका सहकारी/संघ संस्थाको सहभागिता रहेको तालिममा बैंकका सञ्चालक, शिक्षा तथा तालिम उपसमितिका संयोजक सरिता भट्टराई, प्रवन्धक एवम् शिक्षा तथा तालिम विभाग प्रमुख नवराज उपाध्याय, कर्जा विभाग प्रमुख प्रमोदकुमार घिमिरे र अधिकृत मिना कुमारी शर्माले सहजीकरण गर्नु भएको थियो ।

## विरगंज



सहकारीहरुमा जोखिम न्यूनिकरण लगायत वित्तीय व्यवस्थापनमा सहयोग पुऱ्याउने उदेश्यले राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बिरगंजले तीन दिने कर्जा व्यवस्थापन तालिम सम्पन्न गरेको छ ।

सहकारीहरुले गर्ने वचत तथा ऋणको कारोबारलाई थप व्यवस्थित गराउनका लागि कर्जा व्यवस्थापन तालिम प्रभावकारी हुने भएकाले देशभर कर्जा तथा जोखिम व्यवस्थापन तालिम सञ्चालन गरिएको बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले जानकारी दिनुभयो ।

पर्सामा क्रियाशिल वचत तथा ऋण, बहुउद्देश्यीय, कृषि लगायत विभिन्न प्रकृतिका सहकारी संघ/संस्थाका सञ्चालक तथा व्यवस्थापकहरुलाई आन्तरिक व्यवस्थापन, कर्जा लगानी र असुलीमा सरलीकरण तथा जोखिम व्यवस्थापन लगायतका बारेमा सहजीकरण गरिएको थियो ।

समापन कार्यक्रममा तालिममा बैंकका सञ्चालक, शिक्षा तथा तालिम उपसमितिका संयोजक सरिता भट्टराई, जिल्ला सहकारी संघ पर्साका लेखा सदस्य पन्नालाल महतो, वचत तथा ऋण सहकारी संघका उपाध्यक्ष असगर अलि अन्सारी, कृषि सहकारी संघका अध्यष नरेश जैसवाल, नेफ्स्कुन फिल्ड कार्यालयका उपाध्यक्ष राजेन्द्र जैसवाल लगायतले तालिमको महत्वका बारेम प्रकाश पार्नु भएको थियो ।

## कोपोमिस कार्यक्रममा सहभागिताका लागि सहकारी संघ/संस्थाहरूलाई जरूरी सूचना

सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) सहकारी तथा गरिबी निवारण क्षेत्रको एक औपचारिक र आधुनिक सूचना तथा संचार प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणाली हो । सहकारी क्षेत्रको सूचना तथा तथ्यांकहरुलाई नियमित, विश्वसनिय र वास्तवीक बनाई व्यवस्थापन सूचना प्रणालीमा आधारित अनुगमन तथा नियमन पद्धति स्थापित गर्न सहकारी तथा गरिबी निवारण मन्त्रालयद्धारा तयार भएको कोपोमीस हाल कार्यान्वयनमा आइसकेको छ ।

यसले सहकारी संघ/संस्थालाई व्यवस्थापकीय र वित्तीय सूचना प्राप्त गर्न, संस्थाले गर्नुपर्ने कार्यहरुलाई अनलाईन पद्धतिमा रुपान्तरण गर्न, पारदर्शीता र जवाफदेहिताको प्रवर्धन गर्न, आन्तरिक नियन्त्रण पद्धतिलाई स्थापित गर्दै सुशासन कायम गर्न सहयोग पुऱ्याउने छ । यो वेभमा आधारित प्रणाली हो । यसमा तथ्यांक र विवरणको प्रविष्ट इन्टरनेट सुविधा उपलब्ध हुने संघ/संस्थाहरुले आफै र नहुनेले डिभिजन सहकारी कार्यालय मार्फत गराउन सक्नेछन् । यसबाट सहकारी सम्बन्धी कानून, निति, मापदण्ड, अभ्यास आदिको कार्यान्वयन गर्न आवश्यक सूचना एकै पटक प्राप्ती गर्न सहज हुनेछ । यस मार्फत सहकारी संघ/संस्थाको व्यवस्थापन तथा अनुगमन प्रभावकारी हुने , वित्तीय अवस्था तथा जोखिमको सम्बन्धमा जानकारी हुने, पर्ल्स एवं परियोजनागत वित्तीय विश्लेषण गर्न सहज हुने तथा लेखा परिक्षण गराउने कार्यमा मद्दत पुग्नेछ । सहकारी क्षेत्र मार्फत भएको उत्पादन, खरिद उत्पादन, खरिद, विक्री लगायतको समग्र कारोवारको यथार्थ विवरण पहिचान गर्न सकिनेछ । कोपोमीस मार्फत कार्य सम्पादनमा सरल, सहज छिटो छरितो हुनेछ ।

यस प्रविधि भित्र छुट्टाछुट्टै सहकारीले आफ्नो सहकारीका मासिक तथा वार्षिक प्रतिवेदन, निवेदन दाखिला, आन्तरिक कार्य, आर्थिक प्रतिवेदन, गरिबीको सङ्ख्या लगायत अद्यावधिक गर्ने व्यवस्था गरिएकाले यसमा तत्काल सहभागी हुनका लागि सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई सूचित गरिन्छ । सम्बन्धित डिभिजन सहकारी कार्यालय मार्फत युजर नेम र पासवर्ड लिई आवश्यक कार्य अगाडी बढाउन सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई यो सूचना जारी गरिएको छ ।

नेपाल सरकार
**सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**सहकारी विभाग**
नयाँ बानेश्वर, काठमाडौं ।

# बैंकको योजना समीक्षा तथा शाखा व्यवस्थापन तालिम

राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना देशभरका सबै शाखा कार्यालयका प्रमुख तथा केन्द्रीय कार्यालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा पुनर्ताजगीको लागि संचालन भइरहेको ३ दिने योजना समीक्षा तथा शाखा व्यवस्थापन जेठ २३ गते नगरकोटमा सम्पन्न गरेको छ। बैंकका प्रबन्ध संचालक के.वी उप्रेतीले तालिमको उद्देश्य र महत्वको बारेमा बताउँदै यस तालिमका सम्पूर्ण विषय बस्तुहरुलाई ग्रहण गर्न निर्देशन दिंदै तालिम सफलताको शुभकामना दिनुभयो। बैंकका संचालक हरिहरनाथ योगीले स्वागत मन्तव्य दिंदै शिक्षा तथा तालिम विषय सहकारीको महत्वपूर्ण सिद्धान्त भएकाले यस तालिमबाट सिकेका सिकाईहरुलाई आ-आफ्नो शाखामा कारोवार गर्ने सहकारी संस्थाहरु बीच पुऱ्याउन आवश्यक पहल गर्नुपर्ने बताउनु भयो।



सो कार्यक्रममा सहकारी विभागका उपरजिष्ट्रार नारायण प्रसाद अर्यालले सुशासन विषयमा, नेपाल राष्ट्र बैंकका लघुवित्त विभागका उपनिर्देशकले नेपाल राष्ट्र बैंकको नीति निर्देशन तथा सहकारी संस्था विषयमा र डा. मदन विष्टले व्यक्तित्व विकास र सकारात्मक सोच विषयमा सहजीकरण गर्नुभयो। शाखा कार्यालयमा कार्य सञ्चालन गर्दा अनुभव गरिएका समस्या, सोको सामाधान गर्ने उपाय तथा भावी योजना, शेयर वृद्धि योजना लगायत अन्य विषयहरु सहित बैंकले प्रदान गर्ने सेवा सँग सम्बन्धित कर्जा, तालिम, वित्तीय सेवा, प्रशासन, सूचना प्रविधि, रेमिट्यान्स आदि विषयहरुलाई थप सरलता र परिणाममुखी गर्ने लगायतका विविध पद्धति तथा तरिकाहरुलाई सरल बनाउने र सोमा कर्मचारीहरुको दक्षता दिलाउने उद्देश्यका साथ तालिम आयोजना गरिएको थियो।



उक्त तालिम कार्यक्रमको समापनको अवसरमा बैंकका प्रबन्ध संचालक के.वी. उप्रेती, लेखा समिति संयोजक कुलचन्द्र अधिकारी, संचालक तथा शिक्षा तथा तालिम उप-समितिका संयोजक सरिता भट्टराई, संचालकहरु ज्ञान बहादुर तामाङ्ग, देवराज पराजुली र लेखा समिति सदस्य सागर नेपाल, सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटा लगायत सबै विभागीय प्रमुखहरुको उपस्थिती रहेको थियो।

# राष्ट्रिय सहकारी बैंकमा नव नियुक्त प्रबन्धकलाई स्वागत

राष्ट्रिय सहकारी बैंक लिमिटेडमा प्रबन्धक पदमा नियुक्त हुनु भएका रामबाबु आचार्यलाई बैंकका प्रबन्ध संचालक के.वी. उप्रेती, संचालक हरिहर नाथ योगी, संचालक एवं शिक्षा तथा तालिम उप-समितिका संयोजक सरिता तिम्सिना भट्टराई लगायत केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरुद्धारा स्वागत गर्ने कार्यक्रम सम्पन्न भएको छ। सो अवसरमा प्रबन्ध संचालक, संचालकद्वय साथै उच्च व्यवस्थापनका कर्मचारीहरुले आफ्नो छोटो मन्तव्यद्धारा सफल कार्यकालको शुभकामना दिनुभयो। बैंकका प्रबन्ध संचालकले सो स्वागत कार्यक्रममा नव नियुक्त हुनु भएका आचार्यलाई बैंकको बारेमा जानकारी दिनुहुँदैं उहाँको कार्यकालमा बैंकले तालिम क्षेत्रमा उल्लेखनीय प्रगति हाँसिल गर्ने आशा व्यक्त गर्नुभएको छ।

कार्यक्रममा बैंकका संचालक हरिहरनाथ योगीले साझा लक्ष्य प्राप्तिको लागि सबै संग सहकार्य गरी कार्य गर्ने बताउनुभयो। साथै बैंकका संचालक एवं शिक्षा तथा तालिम उप-समितिका संयोजक सरिता तिम्सिना भट्टराईले सहकारी संघ संस्थाहरुलाई तालिम प्रदान गर्नु बैंकको ध्येय रहेको हुनाले बैंकलाई सो ध्येय प्राप्तिका लागि काम गर्ने सुझाव दिनुहुँदैं आफूले पनि सो कार्यको लागि सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको छ। सो अवसरमा केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरु संग परिचयात्मक कार्यक्रम समेत गरिएको थियो।

# बैंकको कर्पोरेट कार्यालयको अबलोकन

केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रद्वारा आयोजित एक महिने "सहकारी व्यवस्थापन तथा लेखापालन" तालिमका सहभागीहरुले राष्ट्रिय सहकारी बैंक लिमिटेडको कर्पोरेट कार्यालय अबलोकन भ्रमण गर्नुभएको छ। सो भ्रमण कार्यक्रममा देशभरीका विभिन्न जिल्लाका विभिन्न प्रकृतिका सहकारी संघ संस्थाका संचालक तथा व्यवस्थापकहरु र केन्द्रिय सहकारी प्रशिक्षण केन्द्रका कृषि अधिकृत इन्द्र शर्मा ढुङ्गाना र सहकारी प्रशिक्षक गौतम पंज्ञेनीको सहभागिता रहेको थियो।

सो कार्यक्रममा बैंकका सहायक अधिकृत दिनेश गेलालले बैंकको परिचय, उद्देश्य, परिकल्पना, वर्तमान अवस्था, वित्तीय स्थितीका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। प्रस्तुतीकरण पछि उठेका विषयबस्तु तथा अन्य जिज्ञासहरुको समाधान बैंकका प्रबन्ध संचालक के.वी उप्रेतीले गर्नुभयो। साथै सो कार्यक्रममा बैंकका प्रबन्धक तथा व्यवसाय प्रवर्द्धन विभागका प्रमुख नवराज उपाध्याय, प्रबन्धक तथा तालिम विभागका प्रमुख रामबाबु आचार्य र सहायक प्रबन्धक तथा कर्जा विभागका प्रमुख प्रमोद कुमार घिमिरेको समेत सहभागिता रहेको थियो।

# कुष्मामा सहकारी बैंकको अन्तरक्रिया
# सहकारीहरुका छाता संगठनहरुलाई सक्रिय बनाउन माग

सहकारी क्षेत्रको समग्र विकासका लागि सहकारीहरुको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंकको प्रवर्द्धनमा राज्यले ध्यान दिनु पर्नेमा पर्वत र बागलुङका सहकारीकर्मीहरुले जोड दिएका छन् । राज्यले लिएको तीन खम्बे अर्थनीति अनुसार सहकारी मार्फत जनताको आर्थिक विकास एव् सामाजिक, सांस्कृतिक रुपान्तरणका लागि सहकारीहरुका छाता संगठनहरुलाई शसक्त बनाउनु पर्नेमा उनीहरुको जोड थियो ।

राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाले पर्वतको कुश्माको पर्वतमा आयोजना गरेको सहकारी बैंक र सदस्य संघ संस्थाहरुबीचको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले यस्तो बताएका हुन् । देशभरका सम्पूर्ण सहकारी संघ संस्थाहरुको एक मात्र बैंक सहकारी बैंकमार्फत राज्यले सहकारी क्षेत्रमा परिचालन गर्ने बजेट परिचालन गर्न उनीहरुको माग थियो । पर्वत र बागलुङको बलेवा क्षेत्रका ४० वटा विभिन्न विषयका सहकारी संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रमका सहभागीले यस्तो माग गरेका हुन् ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामबहादुर जिसीले सहकारी संघ संस्थालाई वित्तीय तथा क्षमता अभिवृद्धि लगायत सहकारीको संस्थागत विकास र सहकारी मार्फत आर्थिक सामाजिक रुपान्तरणमा बैंकले सहयोग गर्दै आएको जानकारी दिनुभयो । देशभर सञ्जाल भएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रय रुपमा विभिन्न क्षेत्रसंग समन्वय गरेर अगाडि बढेको सहकारी बैंकमार्फत सहकारी क्षेत्रको बजेट परिचालन गर्ने जिम्मा दिए बैंक तयार रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ पर्वतका अध्यक्ष दुर्गाप्रसाद शर्मा, बहुउद्देश्यीय सहकारी संघ बागलुङका अध्यक्ष अञ्जु जिसी लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रम बचत तथा ऋण सहकारी संघ पर्वतका अध्यक्ष गोविन्द पहाडिको अध्यक्षता, सिर्जनशिल बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष देवीप्रसाद तिमिल्सिनाको स्वागत र राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख सुरेश खनालको सञ्चालनमा सम्पन्न भएको थियो ।

# चितवनमा राष्ट्रिय सहकारी बैंकको शाखा तत्काल सञ्चालन गर्न माग

देशभरका सहकारी संघ संस्थाहरुको एक मात्र बैंकका रुपमा रहेको राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा चितवनमा तत्काल सञ्चालन गर्न चितवनका सहकारीकर्मीहरुले माग गरेका छन् ।

चितवनका सहकारीहरुको ३ अर्ब भन्दा बढी रकम अन्य बैंक तथा वित्तीय संस्थामा रहेको र सहकारीहरुले अन्य बैक तथा वित्तीय संस्थाबाट कर्जा नपाउने अवस्थाको अन्त्यका लागि सहकारी बैंक आवश्यक रहेको सहकारीकर्मीहरुको भनाइ छ ।

जिल्ला सहकारी संघ चितवन र प्रभात दिदी बहिनी बचत तथा ऋण सहकारी संस्थाको संयोजनमा आयोजित राष्ट्रिय सहकारी बैंक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी सहकारीकर्मीहरुले यस्तो माग गरेका हुन् ।

कार्यक्रममा बैंकको संक्षिप्त परिचय दिदै बैंकका सञ्चालक रामबहादुर जिसीले सदस्य सहकारी संघ संस्थाहरुको वित्तीय व्यवस्थापनका साथ सहकारी शिक्षा, सुशासन लगायत प्रविधिका क्षेत्रमा बैंकले सहयोग पुऱ्याउने बताउनुभयो ।

कार्यक्रममा नेफ्स्कुनका महासचिव चन्द्र ढकाल, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष नारायण देवकोटा, नेफ्स्कुनका सञ्चालक भरतप्रसाद दवाडी, सहकारी प्रशिक्षण तथा डिभिजन सहकारी कार्यालय चितवनका प्रमुख रेवतीरमण पोखरेल, बचत तथा ऋण सहकारी संघ चितवनका अध्यक्ष तेजेन्द्र खड्का, कृषि सहकारी संघका अध्यक्ष हरि प्रसाद पौडेल, जिल्ला दुग्ध सहकारी संघका अध्यक्ष हरिहर सुवेदी, बहुउद्देश्यीय सहकारी संघका दिनेशकुमार दुवे, जिल्ला वचत तथा ऋण सहकारी संघ नवलपरासीका अध्यक्ष माधव गौतम लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । उहाहरुले चितवनमा छिटो भन्दा छिटो बैंकको शाखा सञ्चालन गर्न, बैंकको सेवालाई थप प्रभावकारी बनाउन, सहकारी अभियानलाई सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्न माग गर्नु भएको थियो ।




कार्यक्रम नेफ्स्कुनका सञ्चालक शान्ति अधिकारीको अध्यक्षता, जिल्ला सहकारी संघ चितवनका अध्यक्ष टिकाराम भट्टराईको स्वागत र बैंकको हेटौडा शाखाका प्रमुख हिरा सुनारको सञ्चालनमा सम्पन्न भएको थियो ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## केन्द्रिय कार्यालय ,कुपण्डोल, ललितपुर

### लेखा परिक्षण नभएको बित्तिय विवरण (अपरिष्कृत)

तेस्रो त्रैमास आ.व. २०७३/०७४ (मिति २०७३/१२/३१) रकम रु हजारमा

| क.सं. | विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गतवर्षको यस त्रैमासमा |
|---|---|---|---|---|
| १ | **कुल पुंजी तथा दायित्व (१.१ देखि १.७)** | ११,३९३,१४५ | ११,७४०,०७६ | ९,६७६,३२८ |
| १.१ | शेयर पुंजी | ८२३,०८१ | ८०९७६९ | ७२०६१० |
| १.२ | जगेडा तथा कोषहरु | ३३६,०९२ | ३२२२५५ | २२१५२९ |
| १.३ | ऋणपत्र तथा वण्ड | – | – | – |
| १.४ | तिर्न बाँकी कर्जा सापट | १,०५७,३७२ | ८११५८३ | ४५८१३४ |
| १.५ | **निक्षेप दायित्व** | ९,०६५,८७४ | ९,६८८,१२२ | ८,१५१,८२८ |
| | क. स्वदेशी मुद्रा | ९,०६५,८७४ | ९६८८१२२ | ८१५१८२८ |
| | ख.बिदेशी मुद्रा | – | – | – |
| १.६ | आयकर दायित्व | | | १५९०० |
| १.७ | अन्य दायित्व | ११०,७२७ | १०८३४७ | १०८३२७ |
| | **कुल सम्पती (२.१ देखि २.७)** | ११,३९३,१४५ | ११,७४०,०७६ | ९,६७६,३२८ |
| २.१ | नगद तथा बैंक मौज्दात | १,८५१,०१८ | २२६०४१४ | २५८०५०० |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | – | – |
| २.३ | लगानी | १,३८०,११५ | १४७०११५ | १८६५११५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | ७,८५३,५२२ | ७७३६२५५ | ५०८०६२१ |
| २.५ | स्थिर सम्पती | १७४,२८४ | १७२००० | ४३२८९ |
| २.६ | गैर बैकिङ्ग सम्पती | – | – | – |
| २.७ | अन्य सम्पती | १३४,२०६ | १०१२९२ | १०६८०३ |
| ३ | नाफा नोक्सान हिसाब | | | |
| ३.१ | ब्याज आम्दानी | ८२७,९३९ | ४९६,४७० | ५६५,५७६ |
| ३.२ | ब्याज खर्च | ४७४३४५ | २६७,००७ | ३२८९५४ |
| | खुद ब्याज आम्दानी | ३५३,५९५ | २२९,४६३ | २३६,६२२ |
| ३.३ | कमिशन तथा डिस्काउण्ट | १,००९ | १४४ | २०८ |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ३९,०६२ | २७,६५९ | ३३,५५१ |
| ३.५ | सटही घटबढ नाफा/नोक्सान | – | – | – |
| | **कुल सञ्चालन आम्दानी** | ३९३,६६६ | २५७,२६६ | २७०,३८१ |
| ३.६ | कर्मचारी खर्च | ८०,८६४ | ५६,२२० | ५७,९५९ |
| ३.७ | अन्य संचालन खर्च | ३७,०१४ | २५,८८० | ३१,१३३ |
| | सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | २७५,७८८ | १७५,१६६ | १८१,२८९ |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | २७९,३४२ | १४१,७१७ | २३२,९८९ |
| | सञ्चालन मुनाफा | (३,५५४) | ३३,४४९ | (५१,७००) |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | २४ | ३७ | – |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १५८,१५१ | १००,६३२ | १३७,९३४ |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | १५४,६२१ | १३४,११८ | ८६,२३४ |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | १,४२० | १,४२० | १,२१४ |
| | सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा | १५६,०४१ | १३५,५३८ | ८७,४४८ |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | १४,१८६ | १२,३२२ | ७,९५० |
| ३.१३ | आयकर व्यवस्था | २८,३७१ | २४,६४३ | १५,९०० |
| | खुद नाफा/नोक्सान | ११३,४८५ | ९८,५७३ | ६३,५९८ |
| ४ | **अनूपातहरु** | | | |
| ४.१ | जोखिम भारित सम्पतीमा पुंजीको पर्याप्तता (प्रतीशत) | १२.४९ | १२.२३ | १२.९६ |
| ४.२ | निष्क्रिय कर्जा/कुल कर्जा (प्रतिशत) | २.४३ | २.६६ | ३.५२ |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | १२५.५४ | ९३.९३ | ८९.६९ |
| ४.४ | पुजिको औसत लागत | ९.२४ | ८.५७ | ३.३३ |
| ४.५ | कर्जा /निक्षेप अनुपात (प्रतिशत) | ८६.६३ | ७९.८५ | ६२.३२ |

# पोखरा शाखा न्यूरोडमा स्थानान्तरण

पोखरा, ४ असार

राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले मुलुकको आर्थिक विकास र सामाजिक रुपान्तरणका लागि सहकारीको भूमिका थप बढाउने खालको सहकारी ऐन ल्याउनु पर्ने बताउनु भएको छ ।

राष्ट्रिय सहकारी बैंक पोखरा शाखाको स्थानान्तरण तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रवन्ध सञ्चालक उप्रेतीले नयाँ बन्ने सहकारी ऐनले सहकारी क्षेत्रको प्रवर्द्धनमा योगदान गर्नु पर्नेमा जोड दिनु भएको हो ।

कार्यक्रममा नेपाल सूचना तथा सञ्चार केन्द्रीय सहकारी संघका अध्यक्ष विष्णुहरि ढकाल, नेपाल वचत तथा ऋण सहकारी संघका सञ्चालक भीम गुरुङ, जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारी, सप्त गण्डकी दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष पूण्य पौडल, वचत तथा ऋण सहकारी संघ कास्कीका अध्यक्ष सुदिप ढकाल लगायतले राज्यले सहकारी क्षेत्रका लागि विनियोजन गरेको बजेट राष्ट्रिय सहकारी बैंक मार्फत परिचालन गर्नु पर्नेमा जोड दिनु भएको थियो ।



राष्ट्रिय सहकारी बैंकका बारेमा सञ्चालक रामबहादुर जिसीले जानकारी गराउनु भएको थियो । देशभरका सहकारी संघ संस्थाहरुको एक मात्र सहकारी बैंकका रुपमा स्थापित राष्ट्रिय सहकारी बैंकमा हाल १० हजार शेयर सदस्य, ८४ करोड शेयर रकम, १३ अर्ब निक्षेप, ९ अर्ब लगानी, ३७ वटा शाखा कार्यालय, २ सय २० जनालाई रोजगारी प्रदान गरेको सञ्चालक जिसीले बताउनुभयो ।

कार्यक्रम राष्ट्रिय सहकारी बैंक पोखरा शाखा समन्वय उपसमितिका संयोजक मेजर तुलसीप्रसाद गुरुङको अध्यक्षता, सञ्चालक जिसीको स्वागत र पोखरा शाखाका प्रमुख केदार उप्रेतीको सञ्चालनमा सम्पन्न भएको थियो ।

२०६५ सालदेखि पोखराको चिप्लेढुंगामा कार्यालय सञ्चालन गरी सदस्य संघ संस्थाहरुलाई वित्तीय सेवा दिदै आएको बैंकको कार्यालय न्यूर ोडस्थित माछापुच्छे सहकारी संस्थाको भवनमा स्थानान्तरण गरिएको र पोखरा शाखा अन्तरगत ३ सय ५० शेयर सदस्य संघ संस्था, ३ करोड शेयर पूँजि, ४० करोड निक्षेप, ६० करोड लगानी रहेको शाखा प्रमुख उप्रेतीले जानकारी दिनुभयो ।

# नवलपरासीमा राष्ट्रिय सहकारी बैंकको शाखा खोल्न माग

नवलपरासीमा क्रियाशिल सहकारी संघ संस्थाका प्रतिनिधिहरुले जिल्लामा सहकारी बैंकको शाखा स्थापना गर्न माग गरेका छन् । नवलपर ासीको रामनगर भुमहीमा आयोजित कार्यक्रममा सहभागी सहकारीकर्मीहरुले छिटो भन्दा छिटो शाखा सञ्चालन गर्न माग गरेका हुन् । सहकारीमार्फत दिगो आर्थिक विकास गरी गरिवी निवारण गर्नका लागि सहकारी बैंकमार्फत सदस्य संघ संस्थाहरुको वित्तीय व्यवस्थापन गर्न शाखा आवश्यक परेको उनीहरुको भनाई छ ।

कार्यक्रममा बोल्दै बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले सहकारी संघ संस्थाको प्रवर्द्धनका लागि स्थापित सहकारी बैंकले सहकारी क्षेत्रको विकासमा वित्तीय तथा सक्षमता प्रदान गर्ने बताउनुभयो । कार्यक्रममा नेफ्स्कुनका महासचिव चन्द्र ढकाल, राष्ट्रिय सहकारी संघका सञ्चालक भीम तुलाचन, नेफ्स्कुनका सञ्चालक कृष्ण नेपाल, सहकारी विज्ञ डा.खगराज शर्मा, राष्ट्रिय सहकारी बैंकका पूर्व सञ्चालक मुक्तिनाथ पाण्डे, डिभिजन सहकारी कार्यालय नवलपरासीका अधिकृत बुद्ध प्रकाश पौडेल, जिल्ला सहकारी संघका उपाध्यक्ष वृहस्पती अधिकारी, सिद्धार्थ बहुउद्देयीय सहकारी संस्थाका अध्यक्ष यामनाथ पाण्डे लगायतले बैंकका गतिविधिका बारेमा धारणा राख्नु भएको थियो ।

कार्यक्रम जिल्ला सहकारी संघ नवलपर ासीका अध्यक्ष विष्णुप्रसाद पौडेलको अध्यक्षता, बैंकका सञ्चालक रामबहादुर जिसीको सञ्चालनमा सम्पन्न भएको थियो । बैंक बुटवल शाखाका प्रमुख नरेश पाण्डेले बैंकको परिचय सहितको प्रस्तुती गर्नु भएको थियो ।

## १३ औं वार्षिक साधारणसभामा पुरस्कृत भएका संघ संस्थाहरुको नामावली

१. शुभलाभ वचत तथा ऋण सहकारी संस्था लिमिटेड, इटहरी, सुनसरी, प्रदेश नं १

२. उद्यमशिल वचत तथा ऋण सहकारी संस्था लिमिटेड, गढिमाई, बारा प्रदेश नं २

३. सामुदायिक वचत तथा ऋण सहकारी संस्था लिमिटेड, पनौति, काभ्रे प्रदेश नं ३

४. व्यास वचत तथा ऋण सहकारी संस्था लिमिटेड, व्यास,तनहुँ प्रदेश नं ४

५. सामूहिक विकास वचत तथा ऋण सहकारी संस्था लिमिटेड, तिलोत्तमा, रुपन्देही प्रदेश नं ५

६. ग्रामीण जागरण वचत तथा ऋण सहकारी संस्था लिमिटेड, विरेन्द्रनगर, सुर्खेत प्रदेश नं ६

७. संगम वचत तथा ऋण सहकारी संस्था लिमिटेड, धनगढी, कैलाली प्रदेश नं ७

८. बालकुमारी वचत तथा ऋण सहकारी संस्था लिमिटेड, मध्यपुर ठिमी, भक्तपुर उपत्यका

९. महिला अभियान वचत तथा ऋण सहकारी संस्था लिमिटेड, बालकोट, भक्तपुर महिला

१०. हाम्रो पहुँच वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, तुलसीपुर, दाङ्ग अन्य

### यस्तै सम्मानित हुने व्यक्तिहरुमा

१. सि.बी. लामा, संस्थापक सञ्चालक

२. राममान श्रेष्ठ, पूर्व सञ्चालक

३. सूर्यरत्न शाक्य सहकारी विद्वता

# राष्ट्रिय सहकारी बैंकको सेवा प्रवाह सम्बन्धि अन्तरक्रिया कार्यक्रम

मुलुकभरका सहकारीको एकमात्र बैंकका रुपमा स्थापित राष्ट्रिय सहकारी बैंकले आफ्नो सेवालाई थप प्रभावकारीताका लागि सदस्य सहकारी संघ संस्थाका प्रतिनिभिहरुसंगको सुझाव संकलन अभियानलाई तिब्रता दिएको छ। बैंकमा आवद्ध सहकारी संघ संस्थाको संस्थागत विकास तथा संस्थामा आवद्ध सदस्यहरुलाई उत्पादन, प्रशोधन र बजारीकरण तर्फ आकर्षित गरी आयआर्जन वृद्धि गर्न उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको हो। सहकारी मार्फत मुलुकको आर्थिक सामाजिक र सांस्कृतिक परिवर्तनका लागि राष्ट्रिय सहकारी बैंकको भूमिका कसरी बढाउन सकिन्छ भन्ने विषयमा सदस्य संघ संस्थाका प्रतिनिधिहरुको सुझाव लिनका लागि कार्यक्रम सञ्चालन गरिएको हो।

## ठिमी

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय ठिमीको आयोजनामा बैंकमा आवद्ध



नभएका सहकारी संस्थाहरुलाई लक्षित गरेर बैंकको चिनारी तथा सहकारी संस्थालाई आवद्ध गराउने अभिमुखीकरण कार्यक्रम २०७४ साल असार ८ गते सम्पन्न भएको छ। भक्तपुर जिल्लामा रहेका सहकारी संस्थाहरु मध्ये १३ वटा सहकारी संस्थाहरुका संचालक तथा व्यवस्थापकहरु बीच सहकारी बैंकको चिनारी साथै बैंकले प्रदान गर्ने सेवा विषयक कार्यक्रममा विस्तृत प्रकाश पारिएको थियो।

कार्यक्रममा बैंकको संचालक सरिता भट्टराईले बैंकको परिचय, उद्देश्य, परिकल्पना, वर्तमान अवस्था, वित्तीय स्थिती तथा बैंकसंग सम्बन्धित नीतिगत विषयमा सहजीकरण गर्नुभएको थियो। साथै बैंकका प्रबन्धक तथा व्यवसाय प्रवर्द्धन विभागका प्रमुख नवराज उपाध्यायले बैंकको सेवा सुविधा, नयाँ योजना र भावी कार्यक्रमहरु, इलष्लिभ क्षलतभच ढबलप एबथकभलत थकतभफ ९क्षएक० संचालन विधि प्रक्रिया, कर्जा लगानी विषयमा प्रस्ट पार्नु भयो। बैंकका ठिमी शाखाका प्रमुख सविना बस्नेतले बैंकको ठिमी शाखाको वर्तमान अवस्था, बैंकमा आवद्ध हुने प्रकृया, संस्थाले बैंकसंग ऋण लिंदा उपनाउने प्रकृया तथा लगानी गर्दा संस्थालाई मुल्यांकन गर्ने विधिबारे जानकारी दिनुभयो।

देशभरीका सबै सहकारी संस्थालाई बैंकमा आवद्ध गराई सहकारीको रकम सहकारी क्षेत्रमा नै परिचालन गर्ने, सहकारी अभियानको लक्ष्य अनुरुप बैंकको सदस्यता विस्तारका लागि संस्थाहरुलाई एउटै थलोमा बोलाई कार्यक्रम गर्दा प्रभावकारी हुने र संस्थाले बढी लाभ लिन सक्ने गरी स-सानो कार्यक्रम समेत आयोजन गर्न लागिएको हो।

## दाङ

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय दाङको आयोजनामा सहकारी संघ/संस्था बिच अन्तरक्रिया कार्यक्रम मंसिर २९ गते सम्पन्न भएको थियो। जिल्ला सहकारी संघ दाङका अध्यक्ष गोबिन्द प्रसाद शर्माको अध्यक्षता, राष्ट्रिय सहकारी बैंक लिमिटेडका संचालक राम बहादुर जि.सी.को प्रमुख आतिथ्यता, बैंकको बुटवल शाखा व्यवस्थापन उपसमिति संयोजक भिम तुलाचन, डिभिजन सहकारी कार्यालय दाङका प्रमुख बिनोद कुमार पौडेल र राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य शुक्रराज



भण्डारीको विशिष्ठ आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा दाङ शाखा कार्यालयका शाखा प्रमुख नारायण बेल्वासेले बैंकको बारेमा जानकारी गराउनु भएको थियो।

बैंकका संचालक राम बहादुर जि.सी.ले जिज्ञासाहरुको समाधान सहित सहकारी बैंक हरेक हिसाबवाट व्यवस्थित र सक्षम बन्दै गईरहेको जानकारी दिँदै आगामी दिनमा पनि सदस्य केन्द्रित भई सदस्यहरुको आवश्यकता अनुसार नीति नियम परिमार्जन गर्दै देशको सहकारी अभियानमा वित्तीय रुपमा, शुसासनको दृष्टिकोणबाट र व्यवस्थित बनाउने कार्यमा लागिरहने बताउनु भएको थियो।

कार्यक्रममा दाङ जिल्लाका ३ सय सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लि. बुटवल शाखाका शाखा प्रमुख नरेश पाण्डेले स्वागत मन्तव्य राख्नुभएको थियो भने दाङ शाखा प्रमुख नारायण बेल्वासेले संचालन गर्नु भएको थियो।

दाङ र रोल्पाको संयुक्त आयोजना

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय दाङ र जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड रोल्पाको संयुक्त आयोजनामा वैशाख ९ गते शनिवार रोल्पाको लिवाङमा एक दिने सहकारी शिक्षा शिविर तथा राष्ट्रिय सहकारी बैंकको सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। जिल्ला सहकारी संघ लिमिटेड रोल्पाका संचालक जित बहादुर बुढाको अध्यक्षता र जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष एन आजन घर्तिको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो। रोल्पाका २५ वटा सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रममा बैंकको दाङ शाखा प्रमुख नारायण बेल्वासेको सहजीकरण गर्नुभएको थियो।

## विरगंज

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय विरगंजको आयोजनामा सहकारी संघ/संस्था बिच अन्तक्रिया कार्यक्रम पुस ७ गते सम्पन्न भएको छ। राष्ट्रिय सहकारी बैंक लिमिटेड विरगंज शाखा समन्वय समितिका संयोजक राजेश पंडितको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक के.वी. उप्रेती, नेफ्स्कुनका संचालक डा.कृष्ण पौडेल, डिभिजन सहकारी



कार्यालय पर्साका प्रमुख राजु साह, डिभिजन सहकारी कार्यालय बाराका प्रमुख कुलोतम पोखेल, बारा बचत तथा ऋण सहकारी संघका अध्यक्ष भोला गौतम, पर्सा बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष असगर अलि अंसारी, पर्सा कृषि सहकारी संघका अध्यक्ष नरेश जयसवाल, जिल्ला सहकारी संघ पर्साका सचिव पन्नालाल महतो र बचत तथा ऋण सहकारी संघ पर्साका संचालक हरेराम पटेल लगायतले मनतव्य दिनुभएको थिए ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक विरगंज शाखाका प्रमुख युवराज त्रिपाठीले सहकारी बैंकको वित्तीय अवस्थाको बारेमा जानकारी गराउनुभएको थियो । साथै सो कार्यक्रममा उपस्थित विभिन्न सहकारी संघ/संस्थाका प्रतिनिधिहरुले सहकारी बैंक र सहकारी अभियानका बारेको जिज्ञासा राखेका थिए र बैंकका प्रन्वध संचालक के.वी. उप्रेतीले जिज्ञासाहरुको जवाफ दिई कार्यक्रमको समापन गर्नुभएको थियो ।

## लाहान

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय लाहानको आयोजनामा सहकारी संघ/संस्था बिच अन्तक्रिया कार्यक्रम पुस २८ गते सम्पन्न भएको छ । बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलको प्रमुख आतिथ्यता, डिभिजन सहकारी कार्यालयका प्रमुख राम प्रसाद सुवेदीको विशिष्ठ आतिथ्यतामा र नेपाल केन्द्रीय कृषि सहकारी संघका संचालक सदस्य मागेन कामैतको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

सो कार्यक्रममा सहभागिहरुले बैंकसँग सम्वन्धित विविध जिज्ञासाहरु राखेका थिए । कार्यक्रमका प्रमुख अतिथि तथा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले बैंकले दिने सेवा सुविधा सम्बन्धी, भावी योजना, बैंकको द्यचबलअजभिकक द्यबलपष्लन कारोवार सम्बन्धमा, बैंक र सहकारीहरुले गरिवी न्युनिकरणमा महत्वपूर्ण भूमिका, ब्ऋत्ऋग एबथफभलत एबितायच्क क्थकतभ्क, भविष्यमा ब्ट संचालन गर्ने र बैंकका सदस्यताको बारे मा जानकारी, कर्जा प्रक्रियाको सहजीकरण र शाखा स्तरीय समन्वय उपसमिति गठन सम्बन्धी मापदण्डको जानकारी दिंदै आगामी दिनमा पनि सदस्य केन्द्रित भै सदस्यहरुको आवश्यकता अनुसार नीति नियम परिमार्जन गर्दै देशको सहकारी अभियानमा वित्तीय रुपमा, शुसासनको दृष्टिकोणबाट र व्यवस्थित बनाउने कार्यमा लागिरहने बताउनु भएको थियो । साथै सदस्य संघ/संस्थाहरुको जिज्ञासाहरुको समाधान गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

## धनगढी

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय धनगढीको आयोजनामा सहकारी संघ/संस्थाबीच सेवा विषयक तथा परिचयात्मक कार्यक्रम माघ २२ गते सम्पन्न भएको छ । जिल्ला सहकारी संघका उपाध्यक्ष फणि सापकोटाको विशिष्ट आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको थियो । यस शाखा कार्यक्षेत्र भित्र पर्ने घोडाघोडी, दोदोधरा, बौसनया, मुसरीया, पहलमानपुर तथा मोहन्याल भित्र रहेका ४० वटा भन्दा बढी नयाँ सहकारी संघ संस्थाहरु बीच सहकारी बैंकको सेवा



विषयक तथा परिचयात्मक कार्यक्रम संचालन गरिएको थियो ।

कार्यक्रममा बैंकका धनगढी शाखाका शाखा प्रमुख कृष्ण रावलले बैंकको परिचय, उद्देश्य, भिजन, वर्तमान अवस्था, भावी कार्यक्रमहरु तथा बैंकमा आवद्ध हुने प्रकृयाको बारेमा जानकारी दिनु भएको थियो ।

## सम्मान तथा पुरस्कारको संशोधित व्यवस्था सम्बन्धी सूचना

**प्रस्तुत विषयमा मिति २०७४/०२/०४ गते केन्द्रिय कार्यालयबाट सम्मान तथा पुरस्कारको लागि सदस्य संघ/संस्थाहरुलाई पठाइएको आवेदन फारमको प्रयोग सम्बन्धमा संचालक समितिबाट नयाँ व्यवस्था भएकोले हाललाई सो फारमहरु यथावत राख्न सूचित गरिन्छ । नयाँ नीतिगत व्यवस्था बमोजिम सम्मान पुरस्कारमा आवेदन गर्न चाहने सदस्य संघ/संस्थाले चालु आ.व.२०७३/७४ को लेखा परिक्षण २०७४ असोज महिना भित्रमा सम्पन्न गरी २०७४ कार्तिक १५ गते भित्र सो लेखा परीक्षण प्रतिवेदन बुझाउनु पर्ने भएको व्यहोरा सदस्य संघ/संस्थालाई जानकारी गराउनु हुन साथै आवेदन पेश गरिसकेको संघ/संस्थाको हकमा हाल संकलित फारममा कुनै संशोधन भएको भएमा संशोधित विवरण सहित लेखा परिक्षण प्रतिवेदन बुझ्ने व्यवस्था मिलाउनु हुन समेत सूचित गरिन्छ ।**

**कार्तिकमा संकलित फारमहरुको आधारमा संशोधित नीति बमोजिम मंसिरमा हुने साधारण सभामा सम्मान तथा पुरस्कारको घोषणा गर्न सकिने छ ।**

**आफ्नो क्षेत्र भित्रका सदस्य संघ संस्थालारुईहरुलाई नयाँ व्यवस्था सम्बन्धी जानकारी अनिवार्य रुपमा गराउनु हुनेछ ।**

**कुपण्डोल, ललितपुर, नेपाल**
**फोनः ०१-५१८०१८२, फ्याक्सः ९७७-१-५५५५६८७**
E-mail: ncbl@ncbl.coop, Web.: www.ncbl.coop

# राष्ट्रिय सहकारी बैंकद्वारा 'सहकारी कर' विषयक अन्तरक्रिया

## चावहिल

राष्ट्रिय सहकारी बैंक चावहिल शाखा एवं जिल्ला सहकारी संघ लिमिटेड काठमाडौं क्षेत्रिय उप-समितिहरु ३, ४, ५ र आन्तरिक राजश्व कार्यालय करदाता सेवा केन्द्र चावहिलको संयुक्त आयोजनामा "सहकारी




कर" विषयक एक दिने अन्तरक्रिया फागुन ५ गत चावहिलमा सम्पन्न भएको छ । करदाता सेवा कार्यालय चावहिलका कर अधिकृतहरु युवराज श्रेष्ठ, प्रेम राज पोखेल र हरि प्रसाद शर्माको आतिथ्यतामा संचालन भएको पहिलो सत्रको करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमको सहजीकरण कर अधिकृत हरि प्रसाद शर्माले गर्नु भएको थियो । सो कार्यक्रममा सहकारीकर्मीहरुको कर सम्बन्धित जिज्ञासा र गुनासोहरुलाई कर अधिकृतहरुले समाधान गर्दै पहिलो चरणको कार्यक्रम समापन गर्नु भएको थियो ।

जिल्ला सहकारी संघ क्षेत्र नं ४ का संयोजक शिवहरि पौड्यालको अध्यक्षता, राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतीको प्रमुख आतिथ्यता, बैंकका संचालकहरु सरिता भट्टराई र ज्ञान बहादुर तामाङ्ग, जिल्ला सहकारी संघका महासचिव खेमराज सुवेदी, जिल्ला सहकारी संघका संचालक तथा तालिम संयोजक शुसिल बस्न्यात, जिल्ला सहकारी संघका संचालक सुमन के.सी. को आतिथ्यतामा भएको दोस्रो सत्रको कार्यक्रममा सहकारी कर र समसामयिक विषयमा काठमाडौं क्षेत्र नं ३, ४ र ५ मा रहेका सहकारीकर्मीहरु संग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा बैंकका चावहिल शाखाका शाखा प्रमुख जानुका नेपालले स्वागत मन्तव्य राख्नुभएको थियो भने संचालन जिल्ला सहकारी संघ क्षेत्र नं ४ का सह-संयोजक विनित अधिकारीले गर्नुभएको थियो ।

## न्यूरोड र कलंकी

राष्ट्रिय सहकारी बैंक न्यूरोड र कलंकी शाखा एवं जिल्ला सहकारी संघ लिमिटेड काठमाडौं क्षेत्रिय उप-समितिहरु ८, ९, १० र आन्तरिक राजश्व कार्यालय करदाता सेवा केन्द्र कलंकी, कालिमाटी र बालाजुको संयुक्त आयोजनामा "सहकारी कर" विषयक एक दिने अन्तरक्रिया फागुन १९ गते काठमाडौंमा सम्पन्न भयो । करदाता सेवा कार्यालय कालिमाटीका कर अधिकृत टंक प्रसाद पन्थी, करदाता सेवा कार्यालय बालाजुका कर अधिकृत कपिल




सुवेदी र हरि प्रसाद भण्डारी र करदाता सेवा कार्यालय कलंकीका कर अधिकृत कमल राज लगटको आतिथ्यतामा संचालन भएको पहिलो सत्रको करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमको सहजीकरण करदाता सेवा कार्यालय कालिमाटीका कर अधिकृत हरि प्रसाद भण्डारीले गर्नु भएको थियो । सो कार्यक्रममा सहकारीकर्मीहरुको कर सम्बन्धित जिज्ञासा र गुनासोहरुलाई कर अधिकृतहरुले समाधान गर्दै पहिलो चरणको कार्याक्रम समापन गर्नु भएको थियो ।

जिल्ला सहकारी संघ क्षेत्र नं ८ का संयोजक कृष्ण बस्नेतको अध्यक्षता, राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक के.वी उप्रेती, नेफ्स्कुनका महासचिव परितोष पौड्याल, जिल्ला सहकारी संघ, काठमाडौंका अध्यक्ष टेक प्रसाद चौलागाई, राष्ट्रिय सहकारी बैंकका संचालकहरु राम शरण घिमिरे र ज्ञान बहादुर तामाङ, जिल्ला सहकारी संघ, काठमाडौंका महासचिव खेम राज सुवेदी, संचालक शुशिल कुमार बस्न्यात, अमरावती बलामी र सीता भट्टराई, जिल्ला सहकारी संघ, काठमाडौंका आमन्त्रीत संचालक राजेन्द्र बस्नेत, कास्कुनका अध्यक्ष, केशव डंगाल, जिल्ला सहकारी संघ, काठमाडौंका कोषाध्यक्ष मनोज भण्डारी, जिल्ला सहकारी संघ, काठमाडौंका र जिल्ला सहकारी संघ, काठमाडौंका प्रबन्धक राजकुमार गिरीको आतिथ्यतामा भएको दोस्रो सत्रको कार्यक्रममा सहकारी कर र समसामयिक विषयमा काठमाडौं क्षेत्र नं ८, ९ र १० मा रहेका सहकारीकर्मीहरु संग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रमको संचालन राष्ट्रिय सहकारी बैंक लिमिटेडका कलंकी शाखाका शाखा प्रमुख अपर्णा पन्तले गर्नुभएको थियो भने स्वागत मन्तव्य राष्ट्रिय सहकारी बैंक लि. न्यूरोड शाखाका शाखा प्रमुख सुनिल महर्जनले ले राख्नुभएको थियो ।

## सुर्खेत

राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्खेत शाखा एवं करदाता सेवा कार्यालय सुर्खेतको संयुक्त आयोजनामा "सहकारीमा सुशासन र कर व्यवस्था" विषयक अन्तरक्रिया गोष्ठी चैत

२२ गते मंगलवार वीरेन्द्रनगर, सुर्खेतमा सम्पन्न भएको छ ।

सहकारी संघ संस्थाहरुको वित्तीय कारोवार तथा सुशासनमा विशेष सहयोग पुऱ्याउने उद्देश्यले "सहकारीमा सुशासन र कर व्यवस्था" विषयक एक दिने अन्तरक्रिया सम्पन्न भएको छ । राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक के.बी उप्रेतीको अध्यक्षतामा, राष्ट्रिय सहकारी संघ लिमिटेडका संचालक पदम दाहालको प्रमुख आतिथ्यतामा संचालित गोष्ठीका अतिथि तथा सहभागीहरुलाई राष्ट्रिय सहकारी बैंक लिमिटेडका संचालक हरिहरनाथ योगीले स्वागत गर्दै सहकारीको प्रवर्द्धनका लागि बैंकको भूमिका महत्वपूर्ण भएकाले आ-आफ्नो क्षेत्रबाट सहयोगका लागि अनुरोध गर्नु भएको थियो । साथै डिभिजन सहकारी कार्यालय सुर्खेतका प्रमुख देवी प्रसाद पौडेलले सहकारीमा सुशासन विषयक कार्यपत्र प्रस्तुत गर्दै सो विषयमा सहकारीकर्मी बीच अन्तरक्रिया गर्नुभएको थियो । त्यसैगरी करदाता सेवा कार्यालय सुर्खेतका प्रमुख यज्ञराज ढकालले सहकारीमा कर विषयका कार्यपत्र प्रस्तुत गरी सो विषयमा सहकारीकर्मी बीच अन्तरक्रिया गर्नुभएको थियो ।

सो कार्यक्रममा अतिथिहरु जिल्ला सहकारी संघ लि.का अध्यक्ष अमृत वि.सि, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का




अध्यक्ष कृष्ण ब. भण्डारी, जिल्ला कृषि सहकारी संघ लि.का अध्यक्ष लक्ष्मी प्रसाद गौतम, सहकारी विज्ञ डा. दिप बहादुर रावलले मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रममा विभिन्न संघ संस्थाका अध्यक्ष, संचालक, प्रबन्धक र कर्मचारीहरु गरी दुई सय जनाको सहभागी रहेको थियो ।

## सिमरा शाखा स्थानान्तरण

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय सिमरा बारा शाखा नव निर्मित हातेमाले बचत तथा ऋण सहकारी संस्था लिमिटेडको भवनमा स्थानान्तरण गरिएको छ । शाखा स्थानान्तरणको उद्घाटन बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतीले गर्नु भएको थियो ।

कार्यक्रम शाखा समन्वय समितिका संयोजक डा.कृष्ण प्रसाद पौडेलको अध्यक्षता र सिमरा शाखाका कर्मचारी निर्मला बस्नेतको सञ्चालनमा सम्पन्न भएको थियो । कार्यक्रममा प्रभु बैंक सिमरा शाखाका प्रवन्धक छविरमन बराल, अगुवा बचत तथा ऋण सहकारीका सहकर्मी मुकुन्द ब. क्षेत्री, सहकारी पत्रकार समाज बाराका अध्यक्ष पुष्प खतिवडा, जिल्ला बचत तथा ऋण सहकारी संघ पर्साका अध्यक्ष राजेश पण्डित, जिल्ला बचत तथा ऋण सहकारी संघ बाराका अध्यक्ष भोला गौतम, जिल्ला कृषि सहकारी संघका अध्यक्ष शिव अधिकारी र सहकारी डिभिजन कार्यालय बाराका प्रमुख कुलोतम पोखरेलले शुभकामना मन्तव्य दिनुभएको थियो भने कार्यक्रम सञ्चालन सिमरा शाखाका प्रमुख गोविन्द ओझाले गर्नुभएको थिए ।

# ACCU का प्रमुख कार्यकारी अधिकृतद्वारा राष्ट्रिय सहकारी बैंकको अवलोकन

*ललितपुर*

ACCU का प्रमुख कार्यकारी अधिकृत Elenita V. San Roque (Leni) र प्रमुख प्राविधिक अधिकृत Ranjith Hettiarachchi द्वारा राष्ट्रिय सहकारी बैंक लिमिटेडको कोर्पोरेट कार्यालय अवलोकन भ्रमण गर्नुभएको छ ।

नेपाल भ्रमणमा आउनु भएका ACCU का उच्च अधिकारीहरुले आफ्नो सदस्य संस्थाहरुको अवलोकन भ्रमण गर्नु भएको हो । सहकारी बैंकको कर्पोरेट कार्यालयमा एक कार्यक्रमका बीच प्रबन्ध संचालक के. बी. उप्रेतीले उहाँहरुलाई स्वागत गर्नुभएको थियो । यस अवसरका अतिथिलाई अहिले सम्मको बैंकको प्रगति र क्रियाकलाप वारे अवगत गराउनुको साथै उहाँहरुले सहकारी बैंकको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो ।



# अन्तर्राष्ट्रिय कार्यक्रम तथा गोष्ठीमा बैंकको सहभागिता

- ICA को आयोजना र Vietnam Cooperative Alliance (VCA) द्वारा जयकत गरिएको 10th Asia-Pacific Co-operative Ministers' Conference अप्रिल १८ देखि २१ गते सम्म Hanoi, Vietnam मा भएको "VISIONING AHEAD TO 2030: Promoting Stronger Partnership between Government and Cooperative Stakeholders in realizing the Sustainable Development Goals" नामक सम्मेलनमा बैंकका अध्यक्ष रमेश पोखरेल र संचालक रामशरण शर्मा घिमिरेले सहभागिता जनाउनु भएको छ । सरकार र सहकारी आन्दोलन बीच सहकार्य मार्फत सामाजिक आर्थिक मुद्दाहरु र दिगो विकासको लक्ष्य प्राप्ति तिर काम सम्बोधन गर्न, सरकार र सहकारी बीचको कार्यहरुको साझेदारी गरी सम्बन्ध बलियो बनाउने, सार्वजनिक र निजी संस्थाहरुको बीचको साझेदारी नयाँ दृष्टिकोणले गर्ने, स्वास्थ्य, शिक्षा, हरियो अर्थतन्त्रको क्षेत्रमा नजिकिँदै र वृद्धाहरुको हेरचाहमा महिला र पुरुषको सहयोग, अनौपचारिक औपचारिक अर्थव्यवस्था देखि संक्रमणमा सहकारीको भूमिकामा अव्यवस्थित कामदारहरुको लागि सभ्य काम र दिगो आर्थिक गतिविधिहरु, पर्यावरण सक्षममा सहकारी कानून, निति र नियमहरुको विकास तथा वृद्धि लगायतका विषयहरुमा छलफल भएको थियो ।

- ACCU द्वारा मार्च ६ देखि १० सम्म कोरियामा आयोजना गर्न लागेको CEO Workshop मा राष्ट्रिय सहकारी बैंकको तर्फबाट बैंकका प्रबन्ध सञ्चालक के.बी. उप्रेती सहभागि हुनुभएको छ ।

- ICAP-AP/ACFSMC को आयोजनामा जुन २२ देखि २६ सम्म China को Hangzhou मा हुन लागेको "Co-operative Financial Services and Rural Development" नामक अन्तर ाष्ट्रिय कार्यक्रममा यस बैंकका सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटाले सहभागीता जनाउनुभएको छ ।

- CICTAB को आयोजनामा मार्च ३ गते Ministry of Agriculture & Farmers Welfare, Government of India, (Krishi Bhavan), New Delhi मा हुन लागेको "47th Managing Committee meeting and 20th General Council meeting of CICTAB" अन्तर्राष्ट्रिय बैठकमा यस बैंकका प्रबन्धक सरोज जोशी सहभागीता जनाउनुभएको छ ।

- National Confederation of Cooperatives (NATCCO) को आयोजनामा मे २५ देखि २७ गते सम्म Crowne Plaza Manila Galleria, Otrigas, Pasig, Phillippines मा हुन लागेको "15th Coop Leaders Congress, 40th Annual General Assembly and 25th Anniversary Celebration" अन्तर्राष्ट्रिय कार्यक्रममा यस बैंकका प्रबन्धक सरोज जोशी सहभागी हुनभएको छ ।

-Association of Asian Confederation of Credit Unions (ACCU) ले जुन १८ देखि २४ सम्म थाइल्याण्डको बैंककमा आयोजना गरेको २१ औं Development Education Workshop (विकास प्रशिक्षण तालिम) मा बैंकका सहायक प्रबन्धक तथा कर्जा विभागका प्रमुख प्रमोद कुमार घिमिरेले सहभागीता जनाउनुभएको छ । ACCU बाट संचालित तालिमहरु मध्ये उत्कृष्ट मानिएको यस तालिममा नेपाल सहित फिलिपिन्स, थाइल्याण्ड, श्रीलंक, मलेशीया, बङ्गलादेश लगायतका देशका सहकारीकर्मीहरुको सहभागिता रहेको थियो । क्षमता, सीप र व्यवहारलाई समयानुकुल अभिवृद्धि गराउन महत्वपूर्ण हुने यस तालिममा सहभागिता जनाए पश्चात Development Educator को उपाधि हाँसिल गर्नेछन् ।

- World Council Of Credit Union (WOCCU) को आयोजना, एशियाली ऋण महासंघ (ACCU) को सह-आयोजना साथै Master Card को प्रायोजनमा डिसेम्बर १ देखि २ गते सम्म थाइल्याण्डमा भएको "Technology Based Strategies for Growth" नामक प्राविधिक गोष्ठीमा बैंकका सूचना तथा प्रविधि विभागका प्रमुख नविन कुमार कार्कीले सहभागिता जनाउनु भएको छ । प्राविधिक क्षेत्रमा वर्तमान समयमा भएका कार्यहरु, वित्तीय क्षेत्रमा नयाँ प्रविधिको विकास र कार्यन्वयन गर्ने रणनिति, सेवाको विकासमा सामाजिक संजालको प्रयोग र प्रविधिको विकासले बैंकमा पुऱ्याउने योगदानको बारेमा छलफल भएको सूचना तथा प्रविधि विभागका प्रमुखले बताउनु भएको छ । यसैगरी एशियाली ऋण महासंघको आयोजनामा डिसेम्बर ५ देखि १२ गते सम्म थाइल्याण्डमा संचालित विकास प्रशिक्षण (Development Educator) कार्यक्रममा बैंकका शिक्षा तथा तालिम उप-समितिका सदस्य राजेन्द्र पौड्याल र बैंकका सूचना तथा प्रविधि विभागका प्रमुख नविन कुमार कार्कीले सहभागिता जनाउनु भएको छ । एक व्यक्तिद्वारा अर्को व्यक्तिलाई सहयोग पुऱ्याउदैं लैजाने सिद्धान्त बोकेको विकास प्रशिक्षण तालिममा सहकारी सिद्धान्त, क्रेडिट युनियन दर्शन लगायतका वृहत विषयहरुमा आधारित रहि सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता, सीप र व्यवहारलाई समयानुकुल अभिवृद्धि गर्ने विषयमा समेत छलफल एवं क्षमता विकास तालिम सम्पन्न भएको थियो । यस तालिम कार्यक्रमबाट सहभागिता जनाई प्राप्त भएको ज्ञान, तथा क्षमतालाई बैंक मार्फत आगामी दिनहरुमा हुने विभिन्न तालिम कार्यक्रम मार्फत सदस्य सहकारी संस्थाहरुमा उपयोग हुनेछ ।

- CICTAB को संयोजन तथा National Institute of Co-operative Development -NICD_, Sri Lanka / Vaikuntha Mehta National Institute of Co-operative Management, Pune India को आयोजनामा सम्पन्न भएको Exposure Visit मा बैंकले सहभागिता जनाएको छ । आउँदो January 3 देखि 6 सम्म श्रीलंकामा हुन लागेको "Exposure Visit Programme on Co-operative Business Model

in Sri Lanka" शिर्षकको कार्यक्रममा बैंकका प्रबन्धक तथा तालिम विभागका प्रमुख नवराज उपाध्यायले सहभागिता जनाउनुभयो ।

- CICTAB को आयोजनामा डिसेम्बर १९ देखि २३ गते सम्म Pune, India मा भएको "International Programme on Application of Information




Technology for Development of Agriculture Cooperatives and Rural Financing Institutions ( Focused on Trainers Training )" विषय नामक कार्यक्रममा यस बैंकको कर्मचारीहरु नारायण वेलवासे र नविन पौडेल सहभागीता जनाउनु भएको छ । कार्यक्रमवाट सहभागीहरुले प्राविधिक क्षेत्रमा वर्तमान समयमा भएका कार्यहरु तथा कृषि सहकारी विकासमा ग्रामिण वित्तीय संस्थाहरुको महत्व बारेमा जानकारी प्राप्त गर्नुभयो ।

- ACCU को आयोजनामा सम्पन्न हुन गईरहेको तालिममा बैंकले सहभागिता जनाउँदै छ । January 8 देखि 13 सम्म बैंकको थाइल्याण्डमा भएको "ACCESS Branding Auditor's Training Program" शिर्षकको तालिममा बैंकका सहायक प्रबन्धक तथा आन्तरिक लेखा परिक्षण विभागका प्रमुख भरत कुमार चिमरीयाले सहभागिता जनाउनुभएको छ । सो तालिममा ब्रान्डिङको परिचय, उद्देश्य, वित्तीय, ग्राहक, आन्तरिक व्यापार, अध्ययन तथा वृद्धि परिप्रेक्ष्य, रणनिति योजना प्रयोगमा ACCESS को भूमिका र त्यसको कार्यान्वयनका सम्बन्धी जानकारी प्राप्त गर्नुभयो ।

- CICTAB को आयोजनामा सम्पन्न हुन गईरहेका दुई छुट्टाछुट्टै अन्तराष्ट्रिय कार्यक्रममा सहकारी बैंकका सदस्य संस्थाहरुले सहभागिता जनाउनुभयो । CICTAB ले आफ्ना SAARC का सदस्यहरुलाई मार्च ६ देखि ९ सम्म National Institute of Bank Management (NIBM), Pune, India मा आयोजना गर्न लागेको "Women's Development through Income Generating Activities", शिर्षक नामक अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकका सदस्य संस्था सफल साकोसका अध्यक्ष देवकी नेपाल, नारी आवाज कृषि सहकारी संस्थाका अध्यक्ष लक्ष्मी बराल, दक्षिणकाली साकोसका प्रबन्धक शान्ता मैनाली, कोषाध्यक्ष शुशीला पराजुली र सचिव उतरा नेपालले सहभागीता जनउनुभएको छ । साथै मार्च ८ देखि ११ सम्म Vaikuntha Mehta National Institute of Co-operative Management (VAMNICOM), को सहयोगमा Pune, India मा आयोजना गर्न लागेको "Good Governance for the Women Board of Directors of Co-operatives and Rural Financing Institutions", शिर्षक नामक अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकका सदस्य संस्था पद्ममावती साकोसका संचालक लक्ष्मी शाक्य, परोपकार साकोसका संचालक अम्बिका कुमारी थापा, महिला अभियान साकोसका अध्यक्ष सृजना शर्मा चुडाल र काठमाडौं जिल्ला संघका संचालक शोभा सापकोटाले सहभागीता जनाउनुभयो ।

- ACCU को आयोजनामा Bankok, Thailand मा जुन ५ देखि ८ गते सम्म हुन लागेको "Managing Yourself For Others' Self Management Leadership Training" विषय नामक अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकका सदस्य संस्था श्री नवजीवन सहकारी संस्थाका संचालक यादव प्रसाद जोशी र जनक राज जोशी तथा श्री सुनगाभा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजेन्द्र श्रेष्ठ र प्रबन्धक बलराम राउत क्षेत्रीले सहभागीता जनाउनुभएको छ ।

- CICTAB को आयोजनामा Vaikuntha Mehta National Institute of Co-operative Management (VAMNICOM), Savitribai Phule Pune University Road, Pune, India मा मे २२ देखि २६ गते सम्म हुन लागेको International Programme on "Agri Value Chain Financing" विषय नामक अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकका सदस्य संस्था श्री अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्थाका प्रबन्धक जनक लाल भूल, श्री अरनिको नमुना बचत तथा ऋण सहकारी संस्थाका अधिकृत उचित श्रेष्ठ र एकता बचत तथा ऋण सहकारी संस्थाका अधिकृत अरुण खतिवडाले सहभागीता जनाउनुभएको छ ।

- CICTAB को आयोजनामा National Cooperative Union of India (NCUI) को प्रायोजनमा Janauary १६ देखि २० गते सम्म New Delhi मा भएको "International Programme on Training Techniques for Trainer of Co-operative and Rural Financing Institutions at NCUI" नामक कार्यक्रममा बैंकका तर्फबाट धरान शाखाका शाखा प्रमुख अनुजा सैंजु, जिल्ला कृषि संघ भक्तपुरका उपाध्यक्ष सनिस लागेजु, जिल्ला कृषि संघ भक्तपुरका संचालक लक्ष्मी देवी भण्डारी र टेवा कृषि सहकारीका अध्यक्ष गणेश मान श्रेष्ठले सहभागिता जनाउनुभएको छ ।

## बैंकबाट सहकारी व्यवसायीकरण तालिम सम्पन्न

राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा जेठ ११ देखि १३ गते सम्म क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड क्षेत्रपाटी, काठमाडौंले आयोजना गरेको Cooperative Professionalization (CP) Training छैमले, काठमाडौंमा सम्पन्न भएको छ। क्यापिटल सहकारीका संचालक समिति, लेखा समिति, उपसमिति तथा वरिष्ठ कर्मचारीहरु गरी १६ जनाको सहभागिता रहेको सो तालिम कार्यक्रममा पर्ल्स, रणनीतिक योजना, सहकारीलाई आवश्यक नीतिहरु एवं समिति, उपसमिति तथा पदाधिकारीहरुको जिम्मेवारी जस्ता विषयहरुमा राष्ट्रिय सहकारी बैंकका शिक्षा तालिम विभाग प्रमुख रामबाबु आचार्यले तालिममा सहजीकरण गर्नुभएको थियो।

## IME पन्ध्रौं र सोह्रैं अभिमुखीकरण कार्यक्रम

राष्ट्रिय सहकारी बैंक लिमिटेडले बैंकका सदस्य सहकारी संस्थाहरुलाई वित्तीय सेवा उपलब्ध गराउनुको अतिरिक्त सदस्य सहकारी संस्थाहरुको आयआर्जन थप गर्ने अन्य सेवाहरु पनि उपलब्ध गराउदै आईरहेको छ। IME रेमिट्यान्स सेवाको मुख्य प्रतिनिधिको रुपमा राष्ट्रिय सहकारी बैंक लिमिटेड नियुक्त भए पश्चात पन्ध्रौं र सोह्रैं चरणमा देशभरका १० वटा थप सहकारी संस्थाहरुको IME रेमिट संचालनको सम्झौता सम्पन्न भएको छ। यसै दिन IME रेमिट संचालनबारे IME लिमिटेडले सहकारी संस्थाहरुलाई एक दिने अभिमुखीकरण तालिम समेत दिएको थियो।

## सहकारीको जन्म दिनमा



कुलचन्द्र अधिकारी
संयोजकः लेखासमिति
राष्ट्रिय सहकारी बैंक लि.

उदायो आर्थिक अभियानको उत्साह उमङ्ग
हरेक घर परिवार बीचको सम्बन्ध जोडने प्रसङ्ग
नेपालीहरुको जनसागर सहकारी आन्दोलनमा उदायो
हरेक घर परिवारमा खुसीको सम्बन्ध जोडायो
हरेक वर्ष चैत्र २० गते सहकारी दिवसमा
सहकारी उदाएको जन्मदिनको विशेष उत्सवमा
२०१० सालमा सहकारी विभागको गठन भएकोमा
२०१३ सालमा राप्ती विकास आयोजना खुलेकोमा
२०१३ साल चैत्र २० गते सहकारी संस्था दर्ता भएको दिनमा
हामी सबै सहकारीकर्मी खुसी हुन्छौं सहकारीको जन्मदिनमा
सहकारी दिवस मनाई रहन्छौ सहकारी संघ संस्थाहरुमा
हामी हाम्रो लक्ष्य सहकारी आन्दोलनको भरीपुर्ण सदुपयोगमा
देशभरिको सहकारी आवाज बुलन्द बनाउछौं सबै एक साथमा
हामी सात प्रदेशमा गईरहेको छौं संघियताको बाटोमा
सातै प्रदेशमा सहकारी सरकार बन्छ हामी सहकारीकर्मीहरुको साथमा
कृषि, उद्योग, कलकारखाना, विद्यालय, स्वास्थ्य, पर्यटन सबैमा
सहकारी प्रणालीको विकास गरी सहकारी अभियानमा
दीगो विकास लक्ष्य प्राप्तीका लागि सहकारी अभियानमा
हामी सहकारीकर्मी जनताको सञ्जालिकृत सहकारी निर्माणमा
सामुहिक सुशासनको सुनिश्चितता नेपाली भूमिमा
सहकारी उदायो आर्थिक, सामाजिक, विकासको विगुल फुकेर र जनताको माझमा।

# लघुवित्त व्यवस्थापन विषयक पुस्तक विमोचन

लघुवित्त, बैंकिङ्ग र सहकारी अर्थव्यवस्थामा करीब दुई दशकदेखि आवद्ध रहनु भएका लघुवित्त विज्ञ प्रमोद कुमार घिमिरेको एकल कृति "सहकारीको अवधारणा र लघुवित्त व्यवस्थापन" विषयक पुस्तक विमोचन राष्ट्रिय सहकारी बैंक लि. का अध्यक्ष रमेश प्रसाद पोखरेल र प्रबन्ध संचालक के.बी. उप्रेतीबाट संयुक्त रुपमा आज मिति २०७४ वैशाख ०३ गते एक कार्यक्रमको आयोजना गरी सम्पन्न भयो। पुस्तक लेखक प्रमोद कुमार घिमिरे राष्ट्रिय सहकारी बैंकका कर्जा विभागका प्रमुख रहेका छन्। पुस्तकमा सहकारीको अवधारण, लघुवित्त व्यवस्थापन तथा राष्ट्रिय लघुवित्त नीति २०६४, लघुवित्त कर्जा कार्यविधिको नमुना र बैकिङ्ग क्षेत्रमा प्रयोग हुने शब्दहरुको परिभाषको बारेमा चर्चा गरिएको छ।

सो विमोचन कार्यक्रममा बैंकका अध्यक्षबाट लेखकको उक्त कृति सहकारी मार्फत लघुवित्त कारोवार गर्न चाहने जो कोहीको लागि गहकिलो खुराक हुने र सहकारीमा लघुवित्तको अभ्यास सम्बन्धमा बजारमा पुस्तकको अभाव महसुस गरिएको सन्दर्भमा लेखकको यो प्रयासले सकारात्मक मार्ग प्रशस्तै देखाउने धारणा व्यक्त गर्नु भयो। विमोचन कार्यक्रममा बैंकका प्रबन्ध संचालकले लेखकको कृतिमा सहकारीको अवधारणा र व्यवहार मात्र हैन सहकारी अर्थव्यवस्थामा लघुवित्त कारोवार संचालनको पद्धति र प्रक्रियाहरुको बारेमा विस्तृत रुपमा व्याख्या गरिएको र लेखकको यस पुस्तकबाट सहकारी अर्थव्यवस्थामा लघुवित्तको प्रभावकारी प्रयोग गर्नेतर्फ उन्मूख हुन सहजता प्रदान हुने धारणा व्यक्त गर्नु भयो।

त्यसैगरी लेखक प्रमोद कुमार घिमिरेले पुस्तकको विषय र सन्दर्भको बारेमा प्रकाश पार्नु हुँदै यस पुस्तक सहकारी अर्थव्यवस्थामा लघुवित्त कारोवार सम्बन्धि पहिलो पुस्तक भएकोले सहकारी संघ संस्थामा आवद्ध पदाधिकारी, व्यवस्थापक, सदस्यहरु र कर्मचारीहरुको लागि उपयोगी हुनुको साथै सहकारी संघ संस्थामार्फत् लघुवित्त कारोवार गर्ने र लघुवित्त कारोवारको शुरुवात गर्न चाहनेहरु पनि यस पुस्तकको अध्ययनबाट लाभान्वित हुने धारणा व्यक्त गर्नु भयो। उक्त कार्यक्रममा बैंकका संचालक, विभागिय प्रमूख, कर्मचारीहरु लगायत सहकारी अभियन्ताहरुको उपस्थिति रहेको थियो।

# राष्ट्रिय सहकारी बैंकको १३ औं साधारण सभा २०७३ को झलक


















# राष्ट्रिय सहकारी बैंकको १३ औं वार्षिक साधारणसभा
# “गरिबी निवारणको बजेट सहकारी मार्फत परिचालन गर्नुपर्छ”

*काठमाडौं,*

सहकारी तथा गरिवी निवारण मन्त्री हृदयराम थानीले राज्यले गरिवी निवारणका लागि लगानी गर्ने सम्पूर्ण बजेट सहकारी क्षेत्र मार्फत परिचालन गर्नु पर्नेमा जोड दिनु भएको छ । गरिवी निवारणका लागि बनेको मन्त्रालयमा बजेट छैन, अन्य मन्त्रालयमा राखिएको बजेट टुलुटुलु हेरेर बस्नु पर्ने अवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको रहेको उहाँले बताउनुभयो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १३ औं वार्षिक साधारणसभाको शनिवार काठमाडौंमा उद्घाटन पछि बोल्दै मन्त्री थानीले यस्तो बताउनु भएको हो ।

उहाँले सहकारी मार्फत परिचालन हुने बजेट सहकारी बैंक मार्फत लगानी गर्न सक्ने हो भने लक्षित वर्गका पुऱ्याउन सकिने उहाँको भनाइ थियो ।

उहाँले मुलुकको दिगो आर्थिक विकासका लागि सहकारी क्षेत्रमा भएको श्रम, शिप, पूँजि र जनशक्तिलाई व्यवस्थित गराउन आवश्यक रहेको भन्दै राज्यको ध्यान सहकारीप्रति सकारात्मक बनाउनु पर्नेमा जोड दिनुभयो । सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्ने खालको सहकारी ऐन निर्माणका लागि सबैको सहयोग र समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडालले सहकारी क्षेत्रले राज्यको लगानी बिना नै आर्थिक तथा सामाजिक रुपान्तरणका क्षेत्रमा महत्वपूर्ण योगदान गरेको छ तर राज्यले सहकारीको योगदानलाई मूल्यांकन गर्न नसकेको आरोप लगाउनुभयो । उहाँले आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रको सबलीकरणमा जोड दिनुभयो ।

कार्यक्रममा सांसदहरु राजेन्द्र पाण्डे, पशुपती चौलागाई, ओमदेवी मल्ल र भवानी खापुङ, राष्ट्रिय सहकारी संघका पूर्व अध्यक्ष दिपक बाँस्कोटा, नेपाल राष्ट्र बैंकका



१३ औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै सहकारी तथा गरिबी निवारण मन्त्री हृदयराम थानी

डेपुटी गर्भनर चिन्तामणी शिवाकोटा, सहकारी विभागका रजिष्ट्रार केशवप्रसाद रेग्मी, बैंकका सल्लाहकार धर्मदत्त देवकोटा लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

साधारणसभाले बैंकको प्रगति प्रतिवेदन, नीति, कार्यक्रम तथा आर्थिक प्रतिवेदन, लेखा समितिको प्रतिवेदन पारित गर्नुका साथै सहकारी क्षेत्रमा लगाइदै आएको कर समायोजन गर्न, राज्यका विभिन्न कोषहरुबाट सहकारी क्षेत्रमा जाने रकमलाई सहकारी बैंक मार्फत लैजान, संविधानको मर्म अनुसार सहकारीमैत्री ऐन निर्माण गर्न, राष्ट्रिय सहकारी बैंक ऐन बनाउन नेपाल सरकारसंग साधारणसभाले माग गरेको छ । कृषि क्षेत्र लगायत उत्पादनका क्षेत्रमा काम गर्ने सहकारी संघ संस्थाहरुलाई विशेष प्राथमिकता दिन, महिलाले सञ्चालन गरेका सहकारीहरुलाई कर्जा प्रवाह लगायत अन्य क्षेत्रमा सहयोग गर्न साधारणसभाले सरकारसंग माग गरेको छ ।

साधारणसभाबाट राष्ट्रिय सहकारी बैंकले आर्थिक वर्ष २०७२/७३ को कारोबारबाट आफ्ना शेयर सदस्य सहकारी संघ संस्थाहरुलाई १३ दशमलव ५ प्रतिशत मुनाफा प्रदान गर्ने प्रस्ताव पारित गरेको छ । साधारणसभामा अध्यक्ष रमेश पोखरेलले प्रगति प्रतिवेदन, प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले नीति, कार्यक्रम तथा आर्थिक प्रतिवेदन र लेखा समितिका संयोजक कुलचन्द्र अधिकारीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रम बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलको अध्यक्षता, सञ्चालक रामहरि बजगाईको सञ्चालन र सञ्चालक ज्ञानबहादुर तामाङको स्वागतमा सम्पन्न भएको थियो । साधारणसभामा सम्मानित सहकारी तथा सहकारीकर्मी र पुरस्कृत कर्मचारीको नामावी सञ्चालक तथा शिक्षा एवं तालिम उपसमितिका संयोजक सरिता भट्टराईले र बन्दसत्रको सञ्चालन बैंकका सञ्चालक देवराज पराजुलीले गर्नु भएको थियो ।

नेपालमा स्थापना भएका सम्पूर्ण सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवं तिनीहरूको वित्तीय आवश्यकतालाई पुरा गरी ती संघ/संस्थाहरूलाई बैकिङ्ग सेवामा पहुँच दिन तथा अन्य वित्तीय सेवा सुविधाहरू उपलब्ध गराई सहकारी क्षेत्रलाई सहयोग पुऱ्याउने उद्देश्यले स्थापित भएको बैंकमा हालसम्म ८ हजार ५ सय शेयर सदस्य, करिब ८० करोड शेयर रकम, १० अर्ब भन्दा बढी निक्षेप, साढे सात अर्व लगानी रहेको छ ।